# सिपाही

पाक्षिक

रातो र चन्द्र सूर्य जङ्गी निशान हाम्रो
जिउँदो रगत सरी यो बल्दो यो शान हाम्रो
हिमाल झैं अटल यो झुकेन यो कहिल्यै
लत्रेन यो कहिल्यै जङ्गी निशान हाम्रो
यो जन्मदै जगत्मा कैयौं प्रहार आए
साम्राज्य दुई हारे हारेन शान हाम्रो
जबसम्म चन्द्र सूर्य आकाशमा रहन्छन्
तबसम्म हुन्छ आफ्नै रातो रगत यो हाम्रो
गाई सरी छन् साधु जो जो यहाँ जगत्मा
सबको शरण बलियो जङ्गी निशान हाम्रो

वर्ष ६ | अङ्क १३ | पृष्ठ ८ | १ फागुन २०६७


## उच्चस्तरीय टोलीद्वारा भारत भ्रमण

उपरथी श्री दमनबहादुर घलेको नेतृत्वमा भारत भ्रमणमा गएको ७ सदस्यीय भ्रमण दल गत माघ २१ गते स्वदेश फिर्ता भएको छ ।



भारतीय सेनाको फिल्ड ईलाकामा तैनाथ उच्च फर्मेशनहरुमा प्रशासनिक, तालिम, कल्याणकारी तथा अन्य विविध पक्षहरुको व्यवस्थापन पद्दति सम्बन्धी अध्ययन गर्ने उद्देश्यले सो भ्रमण टोली भारत गएको हो ।

यसक्रममा भ्रमण टोलीले नयाँदिल्ली हुँदै लखनउ, बरेली, नैनीताल, रानीखेत, बाबुगडलगायतका स्थानहरुमा अवस्थित भारतीय सेनाको केन्द्रीय कमाण्ड र अन्तर्गतका विभिन्न फर्मेशन हेडक्वाटरहरुको भ्रमण गरेको थियो । उक्त भ्रमण कार्यक्रमको अन्त्यमा टोली नेता उपरथी श्री दमनबहादुर घलेले नयाँदिल्लीस्थित सैनिक मुख्यकार्यालयमा भारतीय स्थलसेनाध्यक्ष र सह-स्थलसेनाध्यक्षसँग भेटवार्ता गर्नु भएको थियो ।

नेपाली सेना र भारतीय सेनाबीच आपसी सद्भाव अभिवृद्धि गर्दै द्विपक्षीय हितका विषयहरुलाई प्रवर्द्धन गर्ने उद्देश्यले गरिएको यो भ्रमण फलदायी हुने विश्वास गरिएको छ । दुवै देशका सेनाहरुबाट समय समयमा यस प्रकारका भ्रमण कार्यक्रमहरु सम्पन्न हुँदै आएका छन् । नेपाली सेनाका वरिष्ठ अधिकृतहरु सम्मिलित सो भ्रमणटोली गत माघ १४ गते भारत भ्रमणमा गएको थियो ।

रथीवृन्द परिचय

## उपरथी श्री प्रदिप जंग थापा



उपरथी श्री प्रदिप जंग थापा वि.सं. २०३१ सालमा अधिकृत क्याडेटबाट सैनिक सेवामा प्रवेश गरी मित्रराष्ट्र बेलायतको रोयल मिलिटरी एकेडेमी स्याण्डहर्सबाट आयुक्त पद प्राप्त गर्नुभई श्री दि फेमस महिन्द्रदल गणमा सहायक सेनानी दर्जामा नियुक्त हुनु भयो ।

उपरथी श्री थापाले स्वदेश तथा विदेशमा विविध तालिम तथा सेमिनारमा भाग लिने क्रममा बेलायतबाट पी.सी.वी.सी. (प्लाटुन कमाण्डर एण्ड ब्याटल कोर्श), नेपालबाट प्यारा वेशिक कोर्श, माउन्टेन वारफेयर कोर्श, बटालियन कमाण्डर कोर्श, मित्रराष्ट्र भारतबाट बटालियन स्पेशल वैपन कोर्श, जुनियर कमाण्ड कोर्श, सिनियर कमाण्ड कोर्श, आर्मी कमाण्ड एण्ड स्टाफ कोर्श, चीनबाट ईन्टरनेशनल सिम्पोजियम कोर्श, डिफेन्स एण्ड स्ट्राटेजिक स्टडिज कोर्श र ईटलीबाट अल्पाईन वारफेयर कोर्श गर्नुका साथै यु.एन.का महत्वपूर्ण सेमिनारहरु जस्तैः संयुक्त राज्य अमेरिकामा सञ्चालित मिलिटरी अपरेशन कन्फरेन्स, अष्ट्रेलियामा सञ्चालित पिस अपरेशन सेमिनारमा समेत भाग लिनु भएको छ ।

उहाँले मित्रराष्ट्र भारतको मद्रास युनिभर्सिटीबाट एम.एस.सी. इन डिफेन्स स्टडिजमा डिग्री हासिल गर्नु भएको छ ।

विभिन्न पदीय हैसियतमा रहँदा उपरथी श्री थापा विभिन्न युनिट तथा आर्मी हे.क्वा.मा स्टाफ अफिसर, तत्कालीन श्री तारादल गुल्मको गुल्मपति, श्री शेर गणको गणपति, श्री नं. ६ बाहिनी अड्डाको बाहिनीपति, श्री मध्यपश्चिम पृतना हे.क्वा.को पृतनापतिभई कमाण्ड गर्नुका साथै श्री नेपाली सैनिक प्रतिष्ठानमा चिफ ईन्स्ट्रक्टर, श्री सैनिक शिक्षालयमा शिक्षाधिकृत र श्री निरीक्षणाधिकृतको कार्यालयमा निरीक्षणाधिकृतको कार्यभार सम्हाल्नुको साथै हाल उहाँ श्री सैनिक कमाण्ड तथा स्टाफ कलेजको कमाण्डाण्ट हुनुहुन्छ ।

उहाँले अन्तर्राष्ट्रिय क्षेत्रमा संयुक्त राष्ट्रसंघको आह्वानमा शान्ति स्थापनार्थ युनिफिल मिशन लेवनानमा २०३४ सालमा प्लाटुन कमाण्डर, २०४४ सालमा स्टाफ अफिसर, त्यसैगरी युएनप्रोफर युगोस्लाभियामा २०४८ सालमा बटालियन अपरेशन अधिकृत र मोनुक मिशन कङ्गोमा २०५५/५६ सालसम्म सैनिक पर्यवेक्षकको जिम्मेवारी समेत सम्हाली सक्नु भएको छ । उहाँको सुखी परिवारमा श्रीमती ज्योत्सना थापा र दुई सुपुत्रीहरु हुनुहुन्छ । उहाँ विभिन्न स्थानको भ्रमण गर्न तथा पुस्तकहरु पढ्न अभिरुची राख्नुहुन्छ ।

उपरथी श्री थापा सु-प्रवल गोरखा दक्षिणबाहु तेस्राबाट विभूषित हुनुहुन्छ ।

## पत्रकार सम्मेलन

कल्याणकारी गतिविधि र कोषको आयव्ययलाई पारदर्शी गराउने हेतुले आयोजित पत्रकार सम्मेलनमा श्री कल्याणकारी योजना निर्देशनालयले आफ्ना गतिविधिहरु सार्वजनिक गरेको छ ।

जङ्गी अड्डास्थित त्रिभुवन आर्मी अफिसर्स क्लबमा श्री सैनिक जनसम्पर्क निर्देशनालयद्वारा गत माघ १४ गते आयोजित उक्त पत्रकार सम्मेलनमा कल्याणकारी निर्देशनालयका निर्देशक सहायक रथी श्री पूर्णचन्द्र थापाले कल्याणकारी निर्देशनालयले सैनिक परिवारको हित एवं कल्याण अभिवृद्धिकालागि गरिएका विविध लगानी र कोषको आयव्यय सार्वजनिक गर्नुभयो । यसक्रममा उहाँले कोषको लगानी तथा उपलव्धीका बारेमा प्रकाश पार्नु भएको थियो । सोही अवसरमा सहायक रथी श्री थापाले कल्याणकारी कोषले सम्भव भएसम्म सैनिक कल्याणकारी सम्वन्धी ऐन तथा नियमावलीमा भएका व्यवस्थाहरु र त्यसपछि कल्याणकारी कोष सञ्चालन तथा व्यवस्थापन समितिले निर्माण गरेका विभिन्न कार्यनितिहरुलाई अक्षरशः पालना गर्ने गरिएको जानकारी गराउनु भएको थियो ।

सोही कार्यक्रममा उहाँले नयाँ लागु भएको सैनिक ऐन, २०६३ को व्यवस्थाअनुसार कोषको प्रयोग बहालवाला सैनिक, अवकास प्राप्त सैनिक एवम उनीहरुसँग आश्रित परिवारको हितमा प्रयोग गर्न



सकिने व्यवस्था भएपश्चात हाल त्यस्तो संख्या करिव ७ लाख रहेको उहाँले बताउनुभयो । कोषलाई पारदर्शी एवं नियमसंगत ढङ्गबाट सञ्चालन गर्न सैनिक ऐन २०६३, कोष नियमावली तथा सैनिक ऐन अन्तर्गत सैनिक कल्याणकारी कोष सञ्चालन तथा व्यवस्थापन समितिको व्यवस्था गरिनुका



साथै कल्याणकारी कोषको लगानी मुख्यरुपमा शिक्षा र स्वास्थ्य क्षेत्रमा बढी केन्द्रित रहेतापनि अन्य विविध क्षेत्रअन्तर्गत हितकारी कार्यमा लगानी रहेको जानकारी दिनुभएको थियो । बाँकी पृष्ठ ७ मा

## श्री मध्य पृतना तथा अन्तर्गतका युनिटहरुद्वारा रक्तदान

गत माघ १४ गते शहिद दिवसको अवसरमा अफिसर्स क्लव मकवानपुर तथा नेपाल रेडक्रस सोसाईटीले हेटौंडा अस्पतालको परिसरमा आयोजना गरेको रक्तदान कार्यक्रममा श्री मध्य पृतनाका पृतनापति उपरथी श्री पवन बहादुर पाण्डेलगायत १६८ जना सकल दर्जाहरुले रक्तदान गरेका छन्



मध्य पृतनापति

अफिसर्स क्लबका अध्यक्ष शम्भु प्रसाद चौरासियाको प्रमुख आतिथ्यमा सञ्चालन भएको उक्त रक्तदान कार्यक्रममा मध्य पृतना हे.क्वाबाट ४९ जना, कालीशक्ति गण (इ) बाट ६० जना, देवीदल गणबाट २७ जना , गौरीबक्स गुल्मका २९ जना र नं ७ फि.ए बाट ३ जना गरी १६८ जना सकलदर्जाले रक्तदान गरेका थिए ।

**प्रधान सम्पादक :** प्रा.म.से. किरणबाबु थापा

**प्रबन्ध निर्देशक :** म.से. कुवेर थापा

**सम्पादक :** प्रा. सेनानी केशव बर्तौला

**प्रकाशक :** श्री सैनिक जनसम्पर्क निर्देशनालय, श्रव्यदृश्य महाशाखा, प्रचार-प्रसार शाखा, जङ्गी अड्डा,

**फोन :** ०१-४२४१७३१, **E–mail:–** sipahipatrika@gmail.com

***१ फागुन २०६७/13th Feb 2011.***

## शाश्वत वाणी

**तीे बहादुर लडाकुलाई इज्जत गर, जसले असंख्य युगदेखि युद्ध गर्दै हाम्रो निम्ति स्वतन्त्रताको अमूल्य पैत्रिक सम्पत्ति रक्षा गरेर राखिदिएका छन् ।**

**- वट्रण्ड रसेल**

*सम्पादकीय...*

# सिपाहीको लक्ष्य

***नेपाली सेना जनताको सेना, जनताको रक्षक र जनताको सेवक हो भन्ने कुरा इतिहासले प्रमाणित गरेको छ, वर्तमानले अझ पुष्टि गरेको छ । स्थापनायताका सबै काल खण्डमा अहर्निश सेवा र त्यागले राष्ट्रवासीको हृदयमा अटुट विश्वास र भरोसा कमाएको छ । राष्ट्र, राष्ट्रवासीको रक्षा, सम्मान र कल्याणनै नेपाली सेनाको सर्वोपरि कर्तब्य रहिआएको छ । आफ्नो मातृभूमिको भौगोलिक अखण्डता, सार्वभौमसत्ता, राष्ट्रिय एकता, स्वाधिनताको रक्षार्थ उच्चस्तरीय अनुसाशन, इमान्दारीता, व्यवसायिक कार्यकुशलता प्रदर्शन गर्न कहिल्यै चुकेको छैन बरु प्राणै उत्सर्ग गरेको छ । राष्ट्रले सुम्पेका प्राथमिक भूमिका बाहेक अनेकन राष्ट्रिय जिम्मेवारीहरु निर्वाह गर्नुका अतिरिक्त समस्त नेपाल र नेपालीको प्रतिनिधित्व गर्दै प्रशंसनीय ढङ्गले अन्तर्राष्ट्रिय जिम्मेवारीहरु पनि सम्पादन गरी राष्ट्रको कीर्ति संसारमा फैलाइरहेको छ । यीनै निस्वार्थ कर्तव्य नै नेपाली सेनाको धर्म हो, यही कारण नेपाली सेनाले समस्त राष्ट्रवासीको एक मात्र भरोसा र विश्वास आर्जन गर्न सकेको हो । यही नै सत्य हो ।***

***निष्ठापूर्ण दैनिकीनै सिपाहीको जिन्दगी हो । मन-प्राणदेखि कै राष्ट्रिय स्वार्थको संकल्प बाँचेको सिपाही आफ्नो निष्ठाबाट कहिल्यै विचलित हुन सक्दैन, टुट्न सक्दैन, फुट्न सक्दैन र कुनै अवान्छित तत्वले हल्लाउन समेत सक्दैन, यही नै निष्ठाको पर्याय हो । नेपाली सेनाको एकता त्यही निष्ठाको धरातलमा दरोगरी गाडिएकोले कसैले हल्लाउने दुश्साहस गर्दैमा हल्लिदैन, जस्तोसुकै सामर्थ्यले पनि टुक्र्याउने आँट गर्न सक्दैन । जनताप्रतिको समर्पणमा प्रतिवद्ध संस्थालाई जनताको साथबाट छुट्याउन सक्दैन, यही नै नेपाली सेनाको यथार्थ हो । यसैगरी नेपाली सेना प्रजातान्त्रिक पद्धतिको विश्वासीलो आधार स्तम्भ भएकोले प्रजातन्त्रको मर्मअनुरुप विधिको शासन र नागरिक सर्वोच्चतालाई सदा शिरोपर गर्दे आत्मसात गर्नुलाई राष्ट्रिय सेनाको धर्म ठान्दछ ।***

***जनताको हित कल्याणलाई सर्वोपरि लक्ष्य ठान्दै मुलुकको राष्ट्रिय सेना भएकोले समावेशी संगठन, लोकमत अनुकुलको संस्कार र राष्ट्रिय चरित्रलाई अंगिकार गर्दै व्यवहारमा सिद्ध गरको छ । नेपाली सेनाको स्वार्थ भनेको नै सर्वाङ्गीण राष्ट्रिय हितको संरक्षण सम्वर्द्धन भएकोले यस्तो पवित्र कार्यमा आफू अहोरात्र खट्टिई उच्च आत्मसम्मानले गौरवान्वित तुल्याउदै राष्ट्रहित विरुद्धमा जुनसुकै चुनौतीको पनि निर्भिकतापूर्वक एक ढिक्का भएर सामना गर्न सदातत्पर रहि आएको छ । यही नै सिपाहीको लक्ष्य हो ।***

## निरीक्षण

श्री सूर्यदल गण अन्तर्गत सञ्चालन भएको प्रथम चरणको सामूहिक तालिमको गत माघ १० गते श्री उपत्यका पृतनापति उपरथी श्री दमन बहादुर घलेले निरीक्षण गर्नु भएको छ ।

निरीक्षणको क्रममा उहाँले नवनिर्मित सूर्य स्तम्भको उद्घाटन गर्नुको साथै तेक्वान्दो खेलाडीहरुलाई पदक तथा ब्ल्याकबेल्ट वितरण गर्नु भएको थियो । साथै उक्त अवसरमा सोही पृतना चिफ अफ स्टाफ सहायक रथी श्री सुन्दर पुडासैनीको उपस्थित हुनुहुन्थ्यो ।

## विद्यालयलाई राहत सामग्री प्रदान

श्री देवीदत्त गणले रोल्पा लिवाङ्ग गा.वि.स वडा नं ७ मा अवस्थित श्री तारा माध्यामिक विद्यालयमा अध्ययनरत दृष्टिविहीन छात्र छात्राहरुलाई गणको आन्तरिक श्रोतबाट खरिद गरिएको ब्रेल पेपर गोटा ५०० र फ्लीजको तन्ना गोटा ६ गरी जम्मा रु.४,००० बराबरको राहत सामाग्री प्रदान गरिएको छ ।

उक्त राहत सामाग्री सोही गणका सह-सेनानी श्री गोपाल पौडेलले विद्यालयका प्रधानाध्यापक शिवराज पोखेललाई गत पुस २६ गते एक कार्यक्रमकाबीच हस्तान्तरण गर्नु भएको सो गणले जनाएको छ ।

# युरिक एसिड

**तपाईँको स्वास्थ्य**

## युरिक एसिड के हो ?

युरिक एसिड हाम्रो शरीरमा उत्पन्न हुने एक विकारयुक्त पदार्थ हो । खानामा पाइने एक किसिमको रसायन (प्युरिना) तथा शरीरमा पुराना र नष्ट हुन थालेका कोषहरुमा रहेको न्युक्लिड एसिडबाट युरिक एसिडलाई मृगौलामार्फत् पिसावकोरुपमा बिर्सजन गर्ने गर्दछ ।

शरीरमा युरिक एसिडको उत्पादन वढी भएमा वा मृगौलाबाट यसलाई बिसर्जन गर्ने कार्यमा कमी कमजोरी भएमा वा दुवै कारणले गर्दा रगतमा युरिक एसिडको मात्रा बढ्न जान्छ । सामान्यतया प्रतिसय मिलीलिटर रगतमा यसको मात्रा ७ मिलीग्राम भन्दा वढी भएमा उच्च युरिक एसिड भएको मानिन्छ ।

## युरिक एसिड बढ्नाले के हुन्छ ?

रगतमा युरिक एसिडको मात्रा वढी भए तापनि धेरैजसो व्यक्तिहरुमा कुनै लक्षण नदेखिन सक्दछ । उच्च युरिक एसिडका करिव ८०/९० प्रतिशत बिरामीमा कुनै लक्षण नदेखिने विभिन्न अध्ययनबाट देखिएको छ । तर करिव १०-२० प्रतिशतमा भने युरिक एसिड जोर्नीमा जम्न पुग्दछ र गाउट भनिने विशेष प्रकारको बाथ गराउँदछ ।

गाउट अर्थात युरिक एसिडको बाथ धेरै मानिसहरुमा हुने बाथ रोग हो । पश्चिमी देशको तथ्याङ्को आधारमा ३० वर्षमाथिका पुरुष र ५० बर्षमाथिका महिला जनजंख्याको २ प्रतिशतलाई जीवनको कुनै न कुनै बखत गाउटको समस्याले पिरोलेको हुन्छ ।

गाउटले धेरैजसो बिरामीलाई गोडाको बुढीऔंला, गोलीगाँठा र यस वरपरका जोर्नीमा टन्किएर दुख्ने र सुन्निने गराउँदछ । रोग छिप्पिदै गएपछि भने घुँडा तथा हातका जोर्नीहरुमा पनि असर पर्न सक्छ । गाउटको आक्रमण प्रायजसो उच्च प्यूरिनयुक्त खाना, भोज (बियर, रातो मासु, भित्र्यास, प्रशस्त गेडागुडी) खाएको केही घण्टा पछि धेरै जसो मध्यरातमा एक्कासी शुरु हुन्छ । कसैकसैमा भने जोर्नीमा चोटपटक लागेपछि वा अन्य कुनै रोगको उपचारको निम्ति अस्पतालमा भर्ना भएको बेलामा देखिन्छ । सामान्यतया गाउटको सुजन एक पटकमा एक हप्ता जति रहन्छ, जुन दुखाई कम गर्ने औषधीको सेवनबाट वा कहिलेकाही आफै पनि कम भएर जान्छ । केही महिना वा बर्षपछि भने रोग पुनः बल्फिएर आउँछ र पछि गएर सँधैभरी दुख्ने तथा सुन्निने भैरहन्छ ।

उच्च रक्तचापको उपचारमा प्रयोग हुने पिसाव लगाउने औषधी (थाएजाइड) तथा कहिलेकाही अन्य औषधीको प्रयोगले पनि कसैकसैमा युरिक एसिडको समस्या निम्त्याउन सक्दछ । त्यस्तै उच्च युरिक एसिडको एउटा कारक तत्व बंशाणुगत प्रभाव पनि भएकोले यो रोग एउटै बंशका धेरै जनामा (जस्तै हजुरबुवा, बुवा, छोरा आदिमा) देखिन सक्दछ ।

## उच्च युरिक एसिडको दीर्घकालीन असर

लामो समयसम्म रगतमा युरिक एसिडको मात्रा बढी भइरहे पटकपटकको सुजनले प्रभावित भएका जोर्नीहरु बिग्रने र बाङ्गिने भई काम नलाग्ने हुन्छन् । त्यस्तै शरीरका विभिन्न भागहरुमा युरिक एसिड जमेर गिर्खा देखिन्छन् यसरी जमेको युरिक एसिडलाई अंग्रेजीमा टोफस भनिन्छ जसले ती अङ्गलाई बिगार्न सक्छ । उदाहरणको लागि मृगौलामा युरिक एसिड जम्न गई पत्थरी र धेरै बर्षपछि मृगौलाले कामै नगर्ने (किड्नी फेलर) हुन सक्छ । यसका अतिरिक्त मोटोपन, उच्च रक्तचाप, मुटुको रोग तथा मधुमेहसँग पनि उच्च युरिक एसिड सम्बन्धित भएको कुरा विभिन्न अनुसन्धानबाट थाहा हुन आएको छ ।

## उच्च युरिक एसिडको उपचार

सामान्यतया रगतमा युरिक एसिडको मात्रा बढ्दैमा उपचारको जरुरत पर्दैन् तर जोर्नीमा युरिक एसिड जमेर गाउट भएको छभने दुखाई र सुन्निने कम गर्न सुजन कम गर्ने औषधीको आवश्यकता पर्दछ । त्यस्तै कहिलेकाही जोर्नीमै सुई दिएर पनि यसको उपचार गरिन्छ ।

उच्च युरिक एसिडले गर्दा पटकपटक बाथ भएको अवस्थामा वा जोर्नीलगायत शरीरका विभिन्न अङ्गमा युरिक एसिड जमेर समस्या उत्पन्न भएमा चिकित्सकको परामर्श लिएर युरिक एसिड कम गर्ने औषधीको सेवन गर्न जरुरी हुन्छ । उपचारको क्रममा आएको सुधार हेर्न समयसमयमा रगतमा युरिक एसिड तथा अन्य जाँचको आवश्यकता पर्दछ ।

युरिक एसिड रातो मासु, कलेजो, मृगौला, भित्र्यास बियर र अन्य मद्यपान कुखुराको मासु, नौनी, अण्डा, गेडागुडी धेरै खाएमा यो रोग बढ्ने गर्दछभने शारीरिक व्यायाम, तौलमा नियन्त्रण, चिल्लो कम भएको दुग्ध पदार्थ र, कफी खानाले यो रोग घट्ने गर्दछ ।

## खाना र युरिक एसिडको सम्बन्ध

केही खानेकुराले रगतमा युरिक एसिडको मात्रा बढाउन सक्ने भएकोले उच्च युरिक एसिड भएका बिरामीहरुले ती खानाहरुमा नियन्त्रण गर्नु जरुरी छ । हाम्रो समाजमा उच्च युरिक एसिड भएका बिरामीलाई दैनिकरुपमा उपभोग गरिने खानेकुराहरु यति धेरै बर्जित गरिन्छ की कहिलेकाही त अन्य खानेकुरा बाँकी नै रहँदैनन् । उदाहरणको लागि दही, दुध, सागपात, टमाटर मासको दाल, काउली आदिले रोग बढाउँदछ भनिन्छ जसमा कुनै सत्यता छैन । त्यसैले उच्च युरिक एसिडका बिरामीले माथि भनिएका केहीबाहेक अन्य खानेकुरामा नियन्त्रण गर्नु जरुरी छैन । त्यस्तै उच्च युरिक एसिड पिसाबमा बगेर जाने हुनाले मृगौलामा पत्थरी जम्ने सम्भावना कम हुन्छ ।

हाम्रो समाजमा जुनसुकै उमेर लिङ्ग वा वर्गको मानिसमा जोर्नी मांशपेशी, ढाड तथा हातगोडा दुखेमा वा झमझम गरेमा युरिक एसिडलाई दोष दिने गरिन्छ जुन सत्य नहुन सक्छ । त्यस्तै महिलाहरुमा हुने सेक्स हर्मोनले युरिक एसिडलाई पिसाबमा विसर्जन गर्न मद्दत गर्ने हुनाले यसको समस्या रजस्वला रोकिनु अघि विरलै मात्र हुने गर्दछ ।

**अघिल्लो अङ्कबाट बाँकी क्रमशः**

तर काठमाडौं बाहिरका कम्पनीहरुका यस संख्यामा केही बढाइएको अनुमति हुन्छ। यसो गर्नुका प्रमुख दुइ कारणहरु थिएः ती हुन् (१) काठमाण्डौं बाहिरका कम्पनीहरुलाई पल्टनको संज्ञा दिइनु र (२) पल्टनको खानगीमा सुवेदारमाथि कप्तान पदको दरबन्दी सृजना हुनु बहादुर शाहको नायबीकालमा गठन गरिएका पल्टनको बरबन्दी र खानगीबारे कुनै ऐतिहासिक कागजातहरु फेला पार्न सकिएको छैन । तर पछिल्ला कागजातहरुमा एउटा पल्टनमा सामान्यता ६ जमदार, १२ हवलदार र १२ अमलदारहरु रहेको पाइन्छ। भेरीपारिका राज्यहरु विजय गर्ने सिलसिलामा एक कम्पनीलाई पल्टनमा परिणत गरेर यसको सैनिक संख्यामा वृद्धि गरिएको थियो । सन् १७८९ मा जुम्ला विजय गर्न अघि बढेका शिवनारायण खत्रीलाई कप्तान पदबाट सम्बोधित गरिएको पाइन्छ। यसबाट भेरीपारिका राज्यहरु विजय गर्न एउटा कप्तानको नेतृत्वमा सेना जाने चलन सन् १७८९ देखि शुरु भइसकेको कुरा स्पष्ट हुन्छ। सन् १७९३ मा कप्तान कालु पाँडेलाई पठाइएको एक पत्रमा “बम शाहले षायाको पल्टन कपतान पऱ्याको छैन कप्तान घालि तहाँ पालो दिन विदा गरौंला ” भनी उल्लेख गरिएको पाइन्छ भने सन् १७९४ को अर्को पत्रमा उनैलाई “ तिम्रा पल्टनक् ताहां रहन्या कम्पनीको याहां नआइपुगी सुवेदार, जमदार, तिलंगा गैसकेको पजीनी गर्न्या छैनैं” भनेर केन्द्रैबाट लेखेर पठाइएको पाइएबाट एउटा सुवेदारमागि कप्तानको दरबन्दी सृजना भइसकेको स्पष्ट हुन्छ। पल्टनका बारेमा पुनः चर्चा हुने भएकाले बहादुर शाहका पालाका कम्पनीको स्वरुप र तिनीहरुको खानगीको सम्बन्धमा निम्नलिखित तालिकाबाट जान्न सकिन्छः- कम्पनीको नाम हनुमद्ध्वज गठन भएको साल- १७९१ (१८४८) श्रावणवदी १

## नेपालको सैनिक इतिहास

| पद | संख्या दरवन्दी | प्रतिमहिना प्रतिव्यक्ति दर | | जम्मा रु.आ | कुल जम्मा |
|---|---|---|---|---|---|
| सुवेदार | १ | रु. ३४ पै ९ १/३ | | ११२ ०० | ४१२ |
| जमादार | ४ | १६ | १२ | २००.००४ | ८०० |
| मेजर | १ | १२ | ८ | १५०.०० | १५० |
| अजिटन | १ | १२ | ८ | १५०.०० | १५० |
| कोट्या जमादार | १ | ११ | | १३२.०० | १३२ |
| निशान | २ | ८ | ८ | १०२.०० | २०४ |
| हवलदार | ८ | ८ | ८ | १०२.०० | ८१६-०० |
| अमलदार | ८ | ८ | ० | ९६-० | ७६८-०० |
| सिपाही | ८५ | ६ | ० | ७२-० | ६१२०-०० |
| पिपा (जमादार) | १ | ६ | ० | ७२-० | ७२-०० |
| पिपा | १९ | ५ | ० | ९५-० | १७६५-०० |
| तवल्या | १ | ६ | ० | ७२-० | ७२-०० |
| तास्या | २ | ५ | ० | ६०-० | १२०+०० |
| मार्फा | २ | ४ | ० | ४८-० | ९६ |
| भेरी | २ | ६ | ० | ७२-० | १४४-०० |
| लोहार | २ | ६ | ० | ७२-० | १४४-०० |
| सार्की | २ | ५ | ० | ६०-० | १२०-०० |
| कर्मी | १ | ५ | ० | ६०-० | ६०-० |
| बाँसुरी | २ | ५ | ० | ६०-० | १२०-० ७८ |

सामान्यतया एउटा कम्पनीको दरवन्दीमा सिपाहीहरुको संख्यामा थपघट भइरहने गरेको पाइन्छ । तर कम्पनीको संगठनात्मक स्वरुप भने पछिसम्म नै कायम रहेको देखिन्छ। भीमसेन थापाको पालासम्मा आएर सन् १८११ देखि यस्ता कम्पनीहरुको वर्गिकरण भई पल्टन र कम्पु नामाकरण भयो तापनि नाल बोक्ने स्थायी फौजलाई कम्पनी नै भन्ने प्रचलन कायम रह्यो । नेपाल अंग्रेज युद्धताका यस्ता कम्पनीहरुको संख्या ११५ पुग्न गएको थियो भन्ने कुरा विभिन्न स्रोहहरुबाट प्रमाणित हुन्छ ।

यी कम्पनीहरु मध्ये माथि ४५ वटाको नाम प्रस्तुत गरिसकिएको छ। बाँकी गीर्वाणयुद्ध विक्रम शाहका पालामा गठन भएका कम्पनीहरु यस प्रकार थिए :-

१) खस कम्पनी २) शार्दुल जंग ३) इन्द्रध्वज ४) शिवदल ५) समरजंग ६) रणसिंह दल ७) वीरदल ८) नरसिंह दल ९) अरिदमन १०) शेर कम्पनी ११) देवी दल १२) शत्रुमर्दन १३) समरसुर १४) शत्रुभंजन १५) भीम विक्रम १६) अर्जुन वाण १७) अमरदल १८) दल मर्दन १९) दुर्गाभञ्जन २०) सिंह विक्रम २१) यज्ञदल २२) अम्बादल २३) जुद्ध भैरव २४) रिपु मर्दन २५) खडकजित २६) इन्द्र दल २७) जम्बा दल २८) कुमारी दल २९) संग्राम शुल ३०) फत्तेजंग ३१) त्रिपुरा दल ३२) गुरु गोरख ३३) रणभीम (नयाँ) ३४) भीम दल ३५) कृष्ण दल ३६) सबुज (नयाँ) ३७) नन्दा बक्स ३८) शमसेर जंग ३९) देवी बक्स ४०) केवल जंग ४१) ज्वाला बक्स ४२) श्याम दल ४३) नयना बक्स ४४) वज्रनाथ ४५) सिंह शार्दूल ४६) समरजीत ४७) राम वाण ४८) माइ बक्स ४९) वराह दल ५०) रणजंग ५१) कृष्णजंग ५२) चण्डीदल ५३) श्रीशमशेर ५४) ईश्वरी बक्स ५५) म्लेच्छकालानल ५६) अरिखण्डन ५७) धनुष ५८) भैरुँ ५९) जंगबहादुर ६०) अरिभंजन ६१) भीमकाली ६२) जम्किका दल ६३) यश बन्धन ६४) रणजीत ६५) कालीप्रसाद ६६) भैरवनाथ ६७) काली जंग ६८) सूर्य दल

बहादुर शाहको नायबीकालदेखि युद्धका लागि चाहिने हातहतियारहरु निर्माण गर्ने कार्य स्वदेशमा नै संचालन हुन थाल्यो। यसको निमित्त भारतबाट मुसलमान कालिगढ र फ्रेन्च विशेषज्ञहरुसमेत झिकाइए । हातहतियार निर्माण गर्ने कालिगढहरुलाई पनि कम्पनीमा नै समावेश गरिन्थ्यो। बहादुर शाहको नायवीकालमा तारादल कम्पनी, हनुमद्ध्वज कम्पनी र देवीदत्त कम्पनी यसै उद्देश्यको निमित्त स्थापना भएको पाइन्छ। यस्ता कम्पनीहरुमा काम गर्ने कामदारहरुलाई वार्षिक विदाहरुको सूची पनि दिइएको हुन्थ्यो। यस बारेमा तल छुट्टै विवेचना गरिनेछ। नेपालमा निर्माण हुने ती हातहतियारहरु तुलनात्मकरुपमा स्तरीय थिए भनेर स्वयं अंग्रेजहरुले पनि तारिफ गरेको पाइन्छ ।

**सैनिक कम्पनीहरुको वर्गीकरण**

सन् १७६२ मा पृथ्वीनारायण शाहद्वारा सैनिक संगठनमा नाल बोक्ने सिपाहीहरुलाई प्रतिसयनाल एक कम्पनी खडा गर्ने चलन कायम भएपछि बहादुर शाहको नायवीकालमा कम्पनीहरुको संख्या बढ्न गएको कारणबारे माथि उल्लेख भइसकेको छ । सैनिक शक्ति बढाउन सैनिक संगठनमा थप कम्पनीहरु बढाउने क्रम गीर्वाणयुद्धको शासनकालमा झन् तीव्र गतिले बढ्न थाल्यो। गीर्वाणयुद्धको शासनकालमा रणबहादुर शाहको ......

बाँकी अर्को अङ्कमा..

## फागुन १-१५,२०६७ तपाईंको राशिले के भन्छ :

**पाक्षिक चाडपर्वका दिन**

२ गते सोमबार-**एकादशी**, ५ गते विहीबार-**पूर्णिमाव्रत** ६ गते शुक्रबार-**स्वस्थानीव्रत समाप्ती**,७ गते शनिबार-**प्रजातन्त्र दिवस**



मू.प.सु. शिवशंकर न्यौपाने
ज्योतिषाचार्य



**मेषः चु,चे,चो,ला,ली,लू,ले,लो,अ** तपाईंको लागि उपलब्धिमूलक समय छ। शारीरिक सुखभोग, अर्थलाभ, स्वाथ्यमा सुधार,धार्मिक सामाजिक कार्यमा सुधार, स्थानान्तरण यात्रा योग, पदोन्नतिको समय नजिक छ।



**वृषः इ,उ,ए,ओ,वा,वी,वु,वे,वो** तपाईंको लागि मध्यम समय छ। शारीरिक अस्वस्थता आउने, कामको जिम्मेवारी बढ्ने, अर्थलाभको समय, ज्वारादिको प्रकोप, मनमा भय, यात्राको योग, बोलीमा सजगता अपनाउनु ।



**मिथुनः का,की,कु,घ,ङ,छ,के,को,हा)** चिन्ता वृद्धिको समय छ । अशुभ कार्यतिर मन जाने, तनाव वृद्धि होला, मन चञ्चल, पारिवारिक सुखभोगको बेला, धन खर्चको समय, किनमेल तथा भोग उपलब्धि, धार्मिक कार्यमा वृद्धि ।



**कर्कटः ही,हू,हे,हो,डा,डी,डू,डे,डो** लाभदायक समय छ । प्रगतिको लागि प्रवृत्त हुने समय, बौद्धिक कार्यतिर रुचि, परिवारको स्वाथ्योपचारमा खर्च, आफन्तबाटै अशुभ समाचारको सम्भावना, सन्तान पक्षबाट लाभ, परिश्रम बढ्ने छ ।



**सिंहः मा,मी,मु,मे,मो,टा,टी,टु,टे** कठिनाइको सामना गर्नु पर्नेछ । राम्रो बोलेपनि नराम्रो सुन्ने, खर्च वृद्धि हुने जागिर मा राम्रो, शत्रु पराजित हुने, रोगले आक्रमण गर्ने सम्भावना, ज्ञानगुन सिक्न सकिने योग छ।



**कन्याः टो,प,पी,पु,ष,ण,ठ,पे,पो** सामान्य समय छ। परिश्रम बढी गर्नु पर्ने, सन्तान प्राप्तिको योग, सामाजिक झमेला आउने, सेवामूलक काम गर्ने अनुकूल वातावरण, मान्यजन प्रभावित हुने समय, काममा हरदम संलग्न हुनुपर्ने छ ।



**तुलाः र,री,रु,रे,रो,ता,ती,तु,ते)** शारीरिक स्वस्थता वृद्धि हुने समय छ। आफन्तबाट असहयोग, अचानक भाग्य वृद्धिको समय, मनोरञ्जनका सामान किनमेल, जग्गा तथा व्यापार व्यवसायबाट लाभ, उपहार प्राप्त हुने र रसमय जीवन होला ।



**वृश्चिक-तो,ना,नी,न,ने,नो,या,यी,यु)** मिश्रित फल मिल्ने, अपजसको समय, पराक्रम वृद्धिको समय, सरकारी कामबाट सफलता, व्यवहारिक कठिनाइबाट मुक्ति, पारिवारिक सुख एवं शुभकार्यको समय छ।



**धनुः ये,यो,भा,भी,भू,ध,फा,ढा,भे** तपाईंको लागि मध्यम समय छ । बोलीमा नैरश्यता आउने, इज्जत वृद्धि र धनधार्मिक कार्यबाट लाभ, स्वास्थ्यमा प्रतिकुलता, समश्याले पिरोल्ने, पराक्रम वृद्धि र वाहन सुख मिल्ने देखिन्छ ।



**मकरः भो,जा,जी,खी,खु,खे,खो,गा,गी** ओजश्वीपन आउने, अपरिस्कृत प्रतिष्पर्धा, चोटपटकको भय, दूरगामी कार्यमा रुचि, सरकारी कार्यबाट सन्तोष, अप्रिय समाचार सुन्मा आउने, बौद्धिका काममा सफलता, यात्रा हुने छ।



**कुम्भः गु,गेगो,सा,सी,सु,से,सो,दा** मिश्रित फल मिल्ने छ। मन डराउने, चिन्ता वृद्धि हुने, भौतिक तथा बौद्धिक प्रगति हुने, उपभोग्य वस्तुको प्राप्ति, अर्थलाभको अवसर, मानप्रतिष्ठा बढ्ने, सामाजिक काममा संलग्नता रहने छ।



**मीनः दी, दु थ, झ, ञ, दे दो चा, ची** राम्रो समय छ। बौद्धिक कार्य गर्ने अवसर आउने, खर्चको अभाव, मन चञ्चल, कार्यप्रति गौरव, सरकारी कामको भय बन्ने, परिश्रमबाट लाभ, परिवारमा झमेला, प्रेमको सम्बन्ध गाढा हुनेछ।

***नेपाली सैनिक रेडियो कार्यक्रम* रेडियो नेपालको केन्द्रीय प्रशारणमार्फत नेपाल अधिराज्यभर र काठमाडौं उपत्यकामा एफ. एम. १०० मेगाहर्जमा प्रत्येक आइतबार राति ८:१५ देखि ८:४५ बजे *तथा मेरो एफ. एम. ९३.५ मेघाहर्जमा हरेक हप्ताको सोमबार राति ८ बजेबाट ८:३० बजेसम्म काठमाण्डौं लगायत आसपासका जिल्लाहरुमा र दोलखाको* रेडियो सैलुङ्ग सामुदायिक एफ.एम. १०४ मेघाहर्जमा मंगलबार विहान ८:१० देखि ८:४० *बजेसम्म सुन्न सक्नु हुनेछ यदि तपाईं इन्टरनेटको पहुँचमा हुनुहुन्छ भने www.nepalarmy.mil.np मा लगअन गरेर पनि यो कार्यक्रम आफूले चाहेको समयमा संसारको जुनसुकै भागमा बसेर सुन्न सक्नुहुनेछ ।***

## युनिट/सव-युनिटहरुलाई विशेष आव्हान

युनिटहरुले गरेको कल्याणकारी कार्य, सामाजिक/जनहित कार्य, उद्धार, राहत तथा सहयोग वितरण, प्राकृतिक प्रकोप उद्धार, वार्षिकोत्सव, जवान वर्ष, उद्घाटन, शिलान्यास, सेमिनार, सम्मेलन, आर्मीस्तरका तालिम, खेलकुद प्रतियोगिता, स्वास्थ्य शिविर लगायत अन्य विविध गतिविधि र त्यससँग सम्बन्धित तस्वीरहरु यस सिपाही पाक्षिक र रेडियो नेपालबाट प्रशारण हुने सैनिक कार्यक्रमको लागि आकर्षक सामग्री बन्न सक्छन् ।

यति मात्र हैन, युनिटहरुले गरेका रचनात्मक कार्यहरु अन्य युनिटहरुको लागि मार्गदर्शन र प्रेरणाको स्रोत पनि बन्न सक्छन् ।

त्यसैले, यदि युनिटसँग त्यस्ता प्रकाशन तथा प्रशारणयोग्य समाचार सामाग्री छन् भने यथासिघ्र श्री सैनिक जनसम्पर्क निर्देशनालयमार्फत् वा यस शाखाको निम्न ठेगानामा पठाउनु हुन अनुरोध गरिन्छ ।

*यस्तैगरी, यस सिपाही पाक्षिकसँगै आफ्नै खर्चमा तपाईंको युनिटको अतिरिक्ताङ्क प्रकाशन गर्न चाहनुहुन्छ भने आफूले प्रकाशन गर्न चाहेको सामाग्रीहरू कान्तिपुर फन्टमा टाईप गरी फोटो समेत सी.डी. वा पेन ड्राईभमा राखेर यस शाखामा पठाउनु हुनको साथै विस्तृत जानकारीको लागि फोन नं. ४-२४१७३१ मा सम्पर्क राख्नु हुन अनुरोध गरिन्छ ।*

**पत्राचारको लागि ठेगाना**

श्री सैनिक जनसम्पर्क निर्देशनलाय,
प्रचार प्रसार शाखा,
जङ्गी अड्डा।

फोन नं. : ४२४१७३१, फ्याक्स नं. : ४२६९६२४
Email: dpr_radio@nepalarmy.mil.np
sipahipatrika@gmail.com

# वार्षिकोत्सव सम्पन्न

## श्री कालीशक्ति गण (इ)

मध्य पृतनाका पृतनापति उपरथी श्री पवन बहादुर पाण्डेको प्रमुख आतिथ्यमा गत माघ ३ गते श्री कालीशक्ति गण(इ)ले विभिन्न कार्यक्रमको आयोजना गरी छैठौं बार्षिकोत्सव भव्यताका साथ मनाएको छ । सोही अवसरमा उपरथी श्री पाण्डेले गणको आन्तिरक स्रोत र साधनबाट निर्माण गरिएको "कालीशक्ति जिम हल"को उद्घाटन गर्नुभएको थियो ।


जिम हल उद्घाटन गर्नुहुँदै पृतनापति उपरथी श्री पवन बहादुर पाण्डे

सोही दिन आयोजना गरिएको सांस्कृतिक कार्यक्रम तथा रात्री भोजमा पुनरावेदन अदालतका मुख्य न्यायाधीश, क्षत्रीय प्रशासक, प्रमुख जिल्ला अधिकारी, नं. ७ तथा ९ बाहिनीका बाहिनीपति एवं स्थानीय प्रमुख व्यक्तिहरुको उल्लेख्य संख्यामा उपस्थिति रहेको थियो । यसैगरी सोही दिन नै गणपति प्रमुख सेनानी श्री चन्द्र कुमार आचार्यले निशानको विधिपूर्वक पूजा अर्चना गर्नुभई झण्डोत्तोलन गर्नुभएको थियो ।

सकल दर्जा तथा परिवारको लागि आयोजना गरिएको बडाभोज कार्यक्रममा कर्णेल कमाण्डेण्ट सहायक रथी धनिदास कार्की तथा ईन्जिनियर निर्देशनालयका नि. निर्देशक महा सेनानी श्री जसवन्त शम्सेर ज.ब.रा. ले विभिन्न खेलका विजयी हुने खेलाडी तथा टिमलाई पुरस्कार वितरण गर्नुभएको थियो ।



## श्री वीरभद्र जंग गुल्म :

गत माघ १२ गते स्याङ्गजा जिल्लास्थित श्री वीरभद्र जंग गुल्मले पश्चिम पृतनापति उपरथी श्री नर बहादुर कँडेलको प्रमुख आतिथ्यमा आफ्नो १० औं बार्षिकोत्सव विभिन्न कार्यक्रमको आयोजना गरी भव्यरुपमा मनाएको छ । सोही दिनको शुभ साईतमा गुल्मपति सेनानी श्री सुर्य बहादुर अधिकारीले विधिपूर्वक पूजाअर्चना गर्नुभई बार्षिकोत्सवको अवसरमा आयोजित अन्तर से.मु. प्रतियोगितामा उत्कृष्ट भएको मद्दती से.मु.लाई पुरस्कृत गर्नुभएको थियो ।

सो अवसरमा श्री नं. ३ बाहिनी अड्डाका निमित्त बाहिनीपति महा सेनानी श्री खड्ग बहादुर मल्ल, नयाँ गोरख गणका गणपति, पूर्व गुल्मपतिहरु, जिल्लाका प्रमुख जिल्ला अधिकारीलगायत सुरक्षा निकायका प्रमुखहरु र भद्रभलाद्मीको समेत उपस्थिति रहेको थियो ।

# सामूहिक तालिम निरीक्षण

श्री नं. ७ बाहिनी अड्डाका बाहिनीपति सहायक रथी श्री आमोद नरसिंह राणाले श्री शम्शेर दल गण चितवनमा सञ्चालन भइरहेको सामूहिक तालिमको निरीक्षण गर्नुभएको छ ।

यसैवीच सहायक रथी श्री राणाले उक्त गणमा नवनिर्मित ४० वेडको जवान लाईनको उद्घाटन गर्नु भएको छ । साथै सोही गणले गत माघ ४ गते नवलपरासी जिल्लाको गैंडाकोटस्थित मौला कालिका परिसरमा निर्माणाधिन आश्रमको लागि आवश्यक निर्माण सामग्रीको ढुवानी गरी धार्मिक


सामूहिक तालिम निरीक्षणका क्रममा सम्बोधन गर्नुहुँदै वाहिनीपति ।

कार्यमा सहयोग गरेको छ । श्री शमशेर दल गणबाट खट्टिएको टोलीले २५०० किलो फलामे रड मुल सडकबाट करिव ३ की.मी.उकालो पार गरि मन्दिर ईलाकासम्म पुऱ्याएको थियो ।

## श्री रणदल गुल्म



"सदैव अग्रसर रणभूमिमा" भन्ने आदर्श वाक्य भएको कालीकोटस्थित श्री रणदल गुल्मले गत माघ १२ गते आफ्नो स्थापनाको १० औं बार्षिकोत्सव विभिन्न कार्यक्रमहरुको आयोजना गरी भव्य रुपमा मनाएको छ ।

उक्त अवसरमा सो गुल्मका गुल्मपति सेनानी श्री पूर्ण प्रसाद ढकालले पूजा अर्चना गर्नुभइ झण्डोत्तोलन गर्नु भएको थियो । सोही अवसरमा विभिन्न खेलहरुमा प्रथम हुने व्यक्ति तथा से.मु हरुलाई प्रमुख जिल्ला अधिकारी दुर्गादत्त ढकाल, गुल्मपति सेनानी पूर्ण प्रसाद ढकाल तथा राष्ट्रिय भलिबल खेलाडी ऐन बहादुर शाहीले पुरस्कार वितरण गर्नुभएको थियो । साथै गुल्मको लागि अनुशासित एवं सराहनीय कार्य गर्दै वर्षभरि उत्कृष्ट योगदान दिने हुद्दा क्षेत्र नरसिंह थापा, अम केशव बहादुर चन्द, प्यूठ बम बहादुर खत्री र सिपाही सूर्य बहादुर खड्कालाई समेत सोही अवसरमा प्रशंसा पत्र तथा पुस्कार वितरण गरिएको थियो ।

# यस्तो पनि...



थामी नसक्नुको इक्युप्मेन्टले थिचिएरै पनि
उठ्नै पर्ने फुर्तिसाथ हलुङ्गो छ भनि

# सैनिक साधन


Apache Fighter Helicopter

**MILITARY THOUGHTS**

Without discipline the Army would just be a bunch of guys wearing the same color clothing. –Frank Burns

In war, there are no unwounded soldiers. –Jose Narosky

# रणसिंह दल गणको जनहित कार्य

ललितपुर जिल्लाको टिकाभैरव मन्दिर परिसर नजिकै रहेको नल्लु खोलामा रणसिंहदल गणले काठको अस्थाई पुल निर्माण गरेको छ ।



उक्त स्थानमा रहेको पुल जीर्ण अवस्थामा रहेकोले गत माघ १० गते सो गणको पहलमा काठेपुल निर्माण गरिएको हो । पुल निर्माण कार्यमा लेले गाविस र आसपासका गाविसहरुमा रहेका भूतपूर्व सैनिक र नेपाल प्रहरीलगायत स्थानीयवासीको सहभागिता रहेको थियो ।

सो पुल निर्माण भएपछि लेले गाविस अन्तर्गत थापा गाउँ, शिखर्पा र गौरीगाउँका जनताहरुलाई आवतजावत गर्न सुविधा पुगेको रणसिंह दल गणले जनाएको छ ।

ललितपुर जिल्लाको लेले गाउँ विकास समिति वडा नं. ९ फडोलस्थित श्री भागवन युवा क्लब र आनन्दवन अस्पतालले सयुक्त रुपमा आयोजना गरेको रक्तदान कार्यक्रममा श्री रणसिंहदल गणका गणपति प्रमुख सेनानी श्री रामचन्द्र कार्कीसहित २६ जना सकलदर्जाले रक्तदान गरेका छन् ।

त्यसैगरि श्री रणसिंहदल गणको आफ्नै श्रोत, साधन तथा सकलदर्जाको अथक परिश्रमबाट आगन्तुक प्रतिक्षालय र प्रमुख सुवेदार वासस्थानको निर्माण गरिएको छ । उक्त नवनिर्मित संचरनाहरुको गत माघ १९ गते गणपति प्रमुख सेनानी श्री कार्कीले उद्घाटन गर्नुभएको छ ।

# विद्यालय शिलान्यास

रामेछाप जिल्लाको सुकाजोर गा.वि.स.- ७ स्थित भिमेश्वर प्राथमिक विद्यालयमा निर्माण गर्न लागिएको ३ कोठे ट्रष्ट घरको शिलान्यास भएको छ ।



गत माघ १२ गते श्रीजंग गणका गणपति प्रमुख सेनानी श्री प्रेमकुमार थापाले सो भवन शिलान्यास गर्नुभएको हो । उक्त भवन निर्माणका लागि सो गणका सकलदर्जाले घडेरी सम्याउन श्रमदान गरेका थिए ।

यसअघि गतपुस २७ गते गणपति श्री थापाले सोही गाविस वडा नं. २ स्थित मुडाजोरमा रहेको महाकाली प्राथमिक विद्यालयको भवनको उद्घाटन गर्नुभएको थियो । सो विद्यालय भवन निर्माणका लागि श्रीजंग गणबाट १ महिनासम्म ३० जनाको टोलीले श्रमदान गरेका थिए ।

# सेना दिवसको उपलक्ष्यमा त्रिभुवन आर्मी अफिसर्स क्लबद्वारा विभिन्न खेल सञ्चालन

सेना दिवस २०६७ को उपलक्ष्यमा त्रिभुवन आर्मी अफिसर्स क्लवले आफ्नै हातामा गत माघ १० गतेबाट आयोजना गरेको अन्तरसदस्य विविध खेलकूद प्रतियोगिता यही फागुन ९ गतेसम्म सञ्चालन हुने भएको छ ।

यसैक्रममा माघ १४ गते भएको टेनिस खुल्ला एकल प्रतियोगिताको सेमिफाइल खेल अन्तर्गत सहायक रथी श्री प्रेम प्रकाश था.म र प्र.से श्री राम राणावीच भएको खेलमा स.र श्री प्रेम प्रकाश था.म विजयी, सहायक रथी श्री धीर बहादुर गुरुङ र अ.प्रा.म.से श्री प्रदिप शाहबीच भएको खेलमा प्रदिप शाह विजयी हुनुभएको थियो । यस्तैगरी १५ गते सम्पन्न भएको फाइनल खेल अन्तर्गत सहायक रथी श्री प्रेम प्रकाश था.म. र अ.प्रा.म.से श्री प्रदिप शाहवीच भएको खेलमा प्रदिप शाह विजयी हुनुभएको छ ।

यसैगरी अन्तरसदस्य टेनिस जोडी प्रतियोगिताको फाईनल खेलसमेत सम्पन्न भएका छन् । जसअनुसार गत माघ २१ गते भएको फाईनल खेलमा सहायक रथी श्री धीरबहादुर गुरुङ र प्रमुख सेनानी श्री कैलाश गुरुङको जोडीले प्रमुख सेनानी श्री निरन्जन कुमार श्रेष्ठ र सेनानी श्री राजीव थापाको जोडीसँग प्रतिष्पर्धा गरेको थियो । प्रतिष्पर्धात्मक सो खेलमा प्रमुख सेनानी श्री निरन्जन कुमार श्रेष्ठ र सेनानी श्री राजीव थापाको जोडी विजयी हुन सफल भएको छ ।



यसअघि सो खेलको प्रथम चरणअन्तर्गतका खेलहरु माघ १७ गतेबाट शुरु भएको थियो । उक्त प्रथम चरणको खेलमा ६ जोडी टिमले प्रतिष्पर्धा गरेका थिएभने अन्य खेलहरु वाक ओभरमा सम्पन्न भएका थिए । सो टेनिस खुल्ला जोडी प्रतियोगिताको सेमी फाइनल खेल माघ २० गते भएको थियो ।

यसैबीच टेनिस प्रतिष्पर्धा अन्तर्गतकै ६० वर्षभन्दा माथि उमेर समूहको सुपर भेट्रान विधाका खेलहरुमा गत माघ २२ गते अ.प्रा. रथी श्री भिक्ट्री राणा र अ.प्रा. सेनानी श्री मोहन अधिकारीबीच भएको खेलमा अ.प्रा. रथी श्री भिक्ट्री राणा विजयी, सोही दिन सम्पन्न अ.प्रा. रथी श्री दिल बहादुर कार्की र अ.प्रा. स.र. श्री भरत रायमाझीबीच भएको खेलमा अ.प्रा. स.र. श्री भरत रायमाझी विजयी हुनु भएको छ ।

यसैगरी गत माघ २४ गते भएको टेनिस सुपर भेट्रान एकल फाईनल खेलमा अ.प्रा. रथी श्री भिक्ट्री राणा र अ.प्रा. रथी श्री प्रभुनरसिंह राणाबीच भएको प्रतिष्पर्धामा अ.प्रा. रथी श्री भिक्ट्री राणा विजयी हुनु भएको छ ।

त्यसैगरी गत माघ २५ गते सम्पन्न टेनिस भिट्रान एकल खेलको पहिलो चरणमा सहायक रथी श्री श्याम बहादुर था.म. र अ.प्रा. उ.र.श्री प्रभुनरसिंह राणाबीच भएको खेलमा सहायक रथी श्री श्याम बहादुर था.म. विजयी हुनु भएको थियो भने २६ गते ....... बाँकी पृष्ठ ७ मा



# नेपाली सेना हाम्रो घर हो, यस घरले मुलुकमा शान्तिलाई संस्थागत गर्न सक्छ र राष्ट्रिय समृद्धि बढाउन सक्छ ।

-संगीतकार महेश खड्का

**खोटाङको सिम्पानीमा जन्मेका महेश खड्का २०४८ सालतिर काठमाण्डौ छिरेका हुन् । २०५४ सालतिरबाट संगीत क्षेत्रमा लागेका खड्काले नेपाली संगीत क्षेत्रमा ठूलो योगदान दिएका छन् । उनको संगीतप्रतिको लगाव र समर्पणका कारण उनी चर्चित संगीतकार बनेका छन् । पहिलोपल्ट चलचित्र त्रिवेणीमा सोलो संगीतकारका रुपमा संगीत दिएका खड्काले अहिलेसम्म ७५ वटा जति चलचित्रमा संगीत दिइसकेका छन् । प्रस्तुत छ, आजभोलिका उनै चर्चित संगीतकार महेश खड्कासँग सिपाहीले गरेको कुराकानीका केही अंश :**

**सिपाही :** कत्तिको व्यस्त हुनुहुन्छ ?

**महेश :** तिमीले दिएको माया, हाम्रो माया जुनीजुनीलाई आदि चारओटा चलचित्रका गीतहरु, र आधुनिक गीतका एल्बमहरुका लागि संगीत सृजना गरिरहेकोले व्यस्त छु जस्तो लाग्छ ।

**सिपाही :** संगीत के हो ?

**महेश :** पदार्थको घर्षणबाट पैदा हुने ध्वनीनै संगीत हो । यस अर्थमा प्रत्येक ध्वनी पूर्ण हुन्छ । खासगरि काललाई सुरमा मिलाएपछि सुमधुर लयको सृजना हुन्छ र शब्द नहुँदा पनि संगीतले भावपूर्ण एवं मनको संवेदनशीलतालाई छुन सक्छ ।

**सिपाही :** संगीतलाई कसरी वर्गीकरण गर्नु हुन्छ ?

**महेश :** संगीतलाई रक, पप, लोक तथा कयौं तरिकाले वर्गीकरण गरेको पाइन्छ तथापि ती सबै शैलीहरु हुन् । पूर्वीय संगीत र पाश्चात्य संगीतहरुमा आ-आफ्नै शैलीहरु छन् । हामी रागको आधारमा छुट्याउने गर्छौं, मध्य एसियाका देशहरुमा पनि यीनै गन्धहरु पाउँछौं ।

**सिपाही :** संगीत कस्तो हुनुपर्छ ?

**महेश :** सुन्दा मिठो र मनलाई शान्तसँगै रोमाञ्चित गर्ने हुनु पर्छ ।

**सिपाही :** तपाईका संगीतलाई निकै रुचाइएका छन्, के विशेषता छ ?

**महेश :** एक शब्दमा भन्नुपर्दा मेरो संगीतमा मिठासको प्रधानता भएरै रुचाइएको हो जस्तो लाग्छ । मूलत: देशको माटो र संस्कृति सुहाउँदो मौलिकपन, नेपालीपन, गायक गायीकाको मिठो स्वर, एरेन्जरको परिश्रम र उत्कृष्ट प्राविधिक पक्षको साझा प्रयासकै परिणामस्वरुप श्रोताले मन पराउने संगीत सृजना हुन सकेको हो भन्ने मेरो बुझाइ छ ।

**सिपाही :** कति भयो यस क्षेत्रमा लागेको ?

**महेश :** बालककालदेखिनै हो तर व्यवसायिक रुपमा भने २०५८ सालबाट लागें ।

**सिपाही :** कसैको प्रेरणा पाउनु भयो कि ?

**महेश:** मेरी आमानै मेरो प्रेरणाको श्रोत हुनुहुन्छ । कहिले पिंढीमा बसेर, कहिले घाँस दाउरा जाने बखत वा कहिले विभिन्न धार्मिक कार्यहरुमा मेरी आमाले गुनगुनाउनु हुँदा निस्केको र मैले श्रवण गरेको पहिलो धुन नै मेरो प्रेरणा हो । त्यसपछि खोटाङ्का लेकवेसी र भञ्ज्याङ्गहरु अनि ती परिवेशमा जम्ने साकेला, चण्डीनाचहरुमा नाचिन्थ्यो, हेरिन्थ्यो । ती सबै मेरा प्रेरणाका श्रोतहरु हुन् ।

**सिपाही :** के पाउनु भयो त ?

**महेश :** स्रोताको अजम्बरी माया पाएँ ।

**सिपाही :** के गर्ने इच्छा छ ?



**महेश :** अहिलेसम्म आफ्नो लागि, स्रोताका निम्ति संगीतको सृजना गरिरहेको छु जस्तो लाग्छ । अब देशको माया घनिभूत भएर एउटा अद्वितीय लालसा जाग्न थालेको छ त्यसैले देशको मायामा संगीत भर्दै मर्ने इच्छा छ ।

**सिपाही :** के मन छ ?

**महेश :** कलाकारको रुपमा जीवीकोपार्जन गर्न असाध्यै गारो छ, त्यसैले अन्य मुलुकमाजस्तै राज्यले कलाकारहरुलाई पनि प्राथमिकता देओस, सबै कलाकारहरुले उच्च आत्मसम्मानसहित यस व्यवसायमा लागेर राष्ट्रिय समृद्धिको एक पाटो भएर आफूलाई उभ्याउन सक्षम होऊन भन्ने मन छ ।

**सिपाही :** अहिलेसम्म कतिवटा चलचित्रमा संगीत दिनु भयो ?

**महेश :** ७५ वटाजति ।

**सिपाही :** के के पुरस्कार पाउनु भयो ?

**महेश :** हिट्स म्यूजिक र ईमेज अवार्ड तीन पटक, अन्नपूर्ण र कालिका एफ.एम, सम्झना डीजीटल सिने अवार्डहरु पाएको छु र सिनेमा डट कमले आयोजना गरेको वर्षभरिको उत्कृष्ट संगीतकारको भोटिङ्गमा संसारभरिका नेपालीहरुले मलाई उत्कृष्ट संगीतकारको कोटीमा राख्नु भएको रहेछ, ती नै मैले पाएका पुरस्कारहरु हुन् ।

**सिपाही :** तपाईको आफ्नो विशेषता के हो जस्तो लाग्छ ?

**महेश:** सरलता ।

**सिपाही :** नेपाली सेनालाइ कसरी जान्नु हुन्छ ?

**महेश :** धेरै नजिकबाट चिन्छु, थुप्रै सैनिकहरुसँग मित्रता छ । त्यसैले समग्रमा नेपाली सेना हामी सबै नेपालीको परिवार हो र साझा तर दरिलो घर हो भन्ने लाग्छ ।

**सिपाही :** नेपाली सेनाको कुन पक्ष राम्रो लाग्छ ?

**महेश :** मातृभूमिप्रतिको निष्ठा, सहनशीलता, अनुशासन र धैर्यता । यीनै गुणले गर्दा यो देश सदा स्वाधिन रहेको छ । वर्तमान परिप्रेक्ष्यमा द्वन्द्वको बादल हटाएर शान्तिको मार्गमा यहाँसम्म ल्याउन नेपाली सेनाको ठूलो योगदान छ र यसलाई संस्थागत गर्न यही संगठनको भर छ त्यसैले यीनै पक्ष राम्रो लाग्छ ।

**सिपाही :** नेपाली सेनालाई केही सुझाव छन कि ?

**महेश :** जनताको अभिन्न अङ्ग भएर जनताको माझमा गएर विकास निर्माणको कार्यमा हातेमालो गर्दै राष्ट्रिय समृद्धिमा अझै व्यापक योगदान पुऱ्याउन सल्लाह छ ।



## सिपाही र देश

मिलन बगाले
क्यामिन ५, बर्लाची तनहुँ
milanbagale@yahoo.com

सिपाही,
तिमी निलकण्ठ हौ,
काँधको तिम्रो राईफल
र कम्मरको गोलीको पोका
तिम्ले पिएको कालकुट हो
एकबारको जिन्दगी
देशकालागि जियौ तिम्ले
अमृत रस छोडेर
हलाहल बिष पियौ तिम्ले
हावामा फर्फराइरहेको
मेरो देशको झण्डामा
मैले
तिम्रो छायाँ देखेको छु
हिमालझैं हाँसेको
देशको सुन्दर मुहारमा,
तिम्रो माया देखेको छु
मुटुभरि देश बोकेर
तिम्ले बर्दी रोज्यौ ,
र त
हजारौहजार युवामा
देशले तिम्लाई खोज्यो
सिपाही,
मात्र देशकालागि बाँचेको हुन्छ
देशले सिपाहीको माया
मनभरि साँचेको हुन्छ ।

## सिपाही

सि. जितेन्द्र जंग के .सी.
श्री रणवम गण, लम्जुङ्ग

न त डरायो त्यो लड्नदेखि
न त डरायो त्यो मर्नदेखि
आफ्नो गन्तव्यमा पाइला बढाई
रच्यो इतिहास मेचीदेखि महाकाली
ऊ अरु कोही होइन ऊ त
नेपाल आमाको वीर सपूत हो
एक घुट्को पानीको भरमा
सयौं लडाईं लडेको बहादुर सिपाही हो
मातृभूमि नेपाल आमालाई
दुश्मनबाट संधै जोगाउन
तयार छ ऊ रणभूमिमा
बम गोला र बारुद बर्साउन
भोक प्यास र निन्द्रालाई भुली
जस्तोसुकै जोखिम परिस्थितिमा पनि
दुश्मनको किल्लामा धावा बोल्ने
ऊ बहादुर सिपाही हो
संघर्ष गर्न पछि नहट्ने
नेपालको वीर सपूत हो
मर्नदेखि पछि नहट्ने
ऊ एक बहादुर सिपाही हो

## जानी राखौं

-डोकाको सानोरुपलाई **पेरुङ्गो** भनिन्छ ।
-एउटा कुरा भनेर अर्कोकुरा जनाउनुलाई **छनक** भनिन्छ ।
-साना बच्चाहरुलाई सुताउन आमाले गाउने गीतलाई **लोरी** भनिन्छ ।
-सिन्का वा कप्टेराले बनेको सोली आकारको माछा थाप्ने बाँसको खोरलाई **थित्री वा ढढिया** भनिन्छ ।
-रोपाईमा बजाईने बाजालाई **बेठी** भनिन्छ ।
-हराएको वस्तु पाएवापत दिइने पुरस्कारलाई **पलौनी** भनिन्छ ।

## दु:खी आत्मा

सि. विश्व राई
श्री इन्द्र दल गुल्म
कोशीटप्पु बन्यजन्तु आरक्ष सुनसारी

जानेछन् लिएर उसलाई काँचो बाँसमा सजाएर
त्यही कात्रो ओढाई बाटैभरि शंङ्ख बजाएर
बिहानीको पहिलो प्रहर, झिसमिसे उज्यालो
अनि खोलाको किनारै किनारा दुवैतिर समाएर

उज्यालो पनि डराइ-डराइ आफ्नो अस्तित्व खोजिरहेछ
हेर सुन्दर ती सब दृश्यहरु एकाएक कुरुप बनिरहेछन
आफ्नै बेगमा हुँइक्किएको शितल पवन पनि
टक्क अडेर निष्प्राण भै मलाई नै नियालिरहेछ

कतै सपनी हो की भनी झस्किएर ब्युँझन खोजेथेँ
तर उ सुतीरह्यो बारबार प्रयास मैले गरेथेँ
अन्त: सत्य नै रहेछ श्वास नलिई बाँच्न सक्ने म भएछु
फेरि मरेरै गए त के भो कहिल्यै नमर्नेगरी बाँचिरहेको हेर्नेछु

केहीदिन अघिसम्मको कुरा हो प्राय घाटकै बाटो हिडीरहन्थे
मर्माहित हुन्थे तब म जब मुडेसँगसँगै शरीरहरु जलिरहन्थे
एकनाशले जलिरहँदा केही क्षणमै भष्म हुन्थ्यो
यस्तैगरि, अन्तिम सत्य शुन्यतामा बिलाउँथ्यो

## गजल

हु.क जगन्नाथ लामिछाने
सैनिक अभिलेखालय
भद्रकालीस्थान ।

डराउनु नै किन र ? कसैलाई केही गऱ्या छैन्
बाहिरबाहिर कुरा चलेनि, झगडै त पऱ्या छैन्
हेर्ने तरिका एउटै थिए, तिमीलाई र अरुलाई
मन भित्र तिम्रो लागि, प्रेमको बीउ छऱ्या छैन्

मनमा केही भए पो ? भन्न खोज्नु तिमीलाई
बेकारमा ना-नाथरी, सोच्नु तिमीले पऱ्या छैन्
काम र ठाउँ एकै तिर, भेट नहुने कुरै भएन्
लुकीलुकी चिहाएर, नजर त्यता साऱ्या छैन्

सवाल लागे जवाफ सरी, कविता मैले लेख्या छु
माया गर्छु भनी कसैलाई मैले भन्या छैन् ।

## गीत

प्रा.अम प्रकाश हुमागाई

मन जलेपछि हजुर तन जल्दो रै'छ
आफै हो कि संसार हो पागल जस्तै भै'छ
मुटुमाथि भाला रोपी हाँस्छौ मरिमरि
सोह्रश्रृगार गरी हिड्छयौ बस्त्र अनेकथरी
टोल-टोल गाउँबजार तिम्रै नामको चर्चा
जता हेरु तेतै देख्छु तिम्रो रुपको पर्चा
मन जलेपछि हजुर तन जल्दो रै'छ
आफै हो कि संसार हो पागल जस्तै भै'छ
छैन धन के गरु म खाली एउटा थियो मन
त्यही मन नि लिलाम गऱ्यौं अब के लान्छौ भन
हिक्कहिक्क गर्छ छोरो रोइरन्छ कोक्रो
आमा भनि च्याठिइरन्छ हुन्छु म एकोहोरो
मन जलेपछि हजुर तन जल्दो रै'छ
आफै हो की संसार हो पागल जस्तै भै'छ
धर्म कर्म बेचिखायौं उदोमति उदैगति
गतिछाडा भएपछि हेर कस्तो बेइजति
वैंशको घमण्ड कति गर्छौ रुपको तारिफ
सकिदैंन भन्ठान्छौ ओइलिएर डढ्ने शरीर
मन जलेपछि हजुर तन जल्दो रै'छ
आफै हो कि संसार हो पागल जस्तै भै'छ

## पल्टनेको बानी नराम्रो

व्यङ्ग्य

*अम गणेश गुरुङ्ग*
*श्री भैरव गण*
*निमारे ब्यारेक सुर्खेत*

पिडकी, नेहा, चुरोट, श्याम बहादुर अनि खैनी
पान, सुपारी, गुट्खा, पराग, सुर्तीमा नी चैनी
खै ! के-के खान्छन् रातै पार्छन भुई अनि भित्ता
फन्ट्रोल ब्याक्रोल संधै भरि, नाप्नु पर्ने कित्ता

खानेले त के-के खाए ? नखानेले फिटिड बढाए
जतातती फोहोर भयो हल्मे'सापले भूईंमा लडाए
कस्तो बानी फोहोर मलाई नेपालीमा पढ्नै जान्दैन
तार ननाघी बार नपुगी आज भोली मनै मान्दैन

शुरुमा त लोकल ठर्रा , प्रमोशनमा ह्विस्की तिर
भटमास पनि के खानु र सेकुवाकै २/४ झिर
ठ्ठे ईङ्लिस फुर्न थाल्यो, हिड्न थाल्यो छाम्दै भित्तो
भोलिपल्ट त ज्यान बदाम एक महिनाको तलब रित्तो

## अब म त सिधै हेर्छु



प्युठ. हरि शम्शेर थापा
सैनिक इण्टकोर भद्रकाली

डरै डरमा बाचिरहैं भन्न तिम्लाई डराएर
मन भित्रनै साँचे माया भित्री मुटु जलाएर
कल्पिकल्पि तिम्लाई सम्झि एकान्तमा टोलाई रहैं
सारा संसार बिर्सिएर तिम्रै नाम जपिरहैं
साँझ बिहान रातदिन तिम्रै झल्को आउँछ
कलेजीको छेउकुनामा तिम्रो मात्र ठाउँ छ
भन्ने गर्थ्यौं मायामा हुँदैन नि ठूला र सानो
कल्पनाको घर बनाई हाल्ने गर्थ्यौं सुनको छानो
सारै मिठा तिम्रा कुरा सुनि मात्र रहन्थैं
मनका कुरा ओठमा ल्याई भन्न भने डराउँथैं
ठूलो निधार उज्जर शिर गर्थ्यौं संधै छुनुमुनु
प्रकृतिलाई गिज्याउँदै गाउँथ्यौं गीत गुनुगुनु
डुली हिड्ने मेरा नयन संधै तिम्लाई पछ्याउँथैं
मनको कुरा ओठमा ल्याई भन्न भने डराउँथैं
लाली जोवन भरिएछ पोखिएला है राखैं अझै
जोरीपारीले भन्छन् घरमा बुहारी खै त बज्यै ?
जे जे पर्ला देखाजाला डराउँदिन आजलाई त
फागुन अझ गा'को छैन जुराई हेर्छु साईत
चियाएर हेर्ने नयन अब म त सोझै हेर्छु
तिमी आउने दोबाटोलाई फूलमालाले सजाई दिन्छु

## यसो गरौं

उप-सेनानी रोशन बराल
सम्शेरदल गण

तिमी पूर्व रुन्छौ अरे, म त यहाँ पश्चिम हुन्छु
जब तिम्रो याद आउँछ, छेउको तस्वीर छुन्छु
मर्न त मर्नै पर्छ, तर सिपाहीले मरेर बाँच्नु पर्छ
सिपाही नै भएन भने देशको सेवा कसले गर्छ ?
त्यसैले भन्थ्यौ नि,
म जहाँ भएनि परेडमा तिमीसँगै हुन्छु
तर खै आजभोलि त्यो वचन बिर्सेको सुन्छु
पौडेर आउँथे सागर भएन, त्यसैले सागर बनाउन
तिमी उता मेची थुन, म यता काली थुन्छु ।
..........................म यता काली थुन्छु ।

## वीरत्व

अम हरि प्रसाद चुंडाल
श्री बटुकदल गण
इटहरी ब्यारेक सुनसरी

निलो ज्योति फिजाउँछौ मातृभूमि भिजाउँछौ
कोटी जनताको सेवक बन्छौ धैर्यतानै वीरत्व भन्छौ
उषा लालीमा निशान पुज्छौ दर्द पीडा सबैका बुझ्छौ
चारै प्रहार रक्षा गर्छौ आधा उठ्छौ आधा सुत्छौ
नित्यकवाज राष्ट्रकै निम्ति गर्ने हामी गर्छौं
रक्षा गर्न देशकोलागि पसिनाकै कर्ममा रम्छौ
देशको सेवा गर्न छाडि अन्त कतै जान्नौ
जस्तै परुन दु:ख तरपनि हरेश कहिल्यै खान्नौ
मेचीकाली चारै प्रहर अभिभारा हाम्रै हुन्छ
यो देशको दु:खमा पहिला हाम्रै मुटु दुख्छ
त्यसैले भन्छौ हामी बटुकका सन्तति हौ
जहाँ पुग्छौ जे गर्छौं यो देशकै निम्ति गर्छौं ।

## यस्तै छ जोडा



हु.क.उमेश प्रसाद रिजाल
श्री गौरी बक्स गुल्म

गेटैदेखि ट्र्याक पिच
हुने भा'छ जोडा
पल्टनमा त ब्याङ्केटको
डेमो आ'छ जोडा
यो जाडोमा ब्याङ्केट ओढी
छप्प सुतिन्छ,
अर्को साल त भ्याली पोष्टिङ्ग
हुने भा'छ जोडा
अर्को साल चाही हामी कहाँ
साईबर राख्ने अरे
जवानहरुको वेलफेयर त
हुने भा'छ जोडा
तिमी पनि पल्टने हो
सबै कुरा थाहै होला
शुक्रबार चाहि जवानले
मिठो खान पा'छ जोडा
अफिसमा नै चिया नास्ता
कत्ति राम्रो व्यवस्था छ,
काम गर्नलाई नयाँ नयाँ
कम्प्युटर आ'छ जोडा
पल्टनमा बढ्न हैन
अड्न सक्नु पर्छ
क्लर्क पनि छ बर्षमै
शान्ति सेना गा'छ जोडा
दिन गन्दै बसि रा'छु
दरबन्दि चाहि खाली छैन
सर्त पुगे'नि प्रमोशन चाहि
ढिलै हुने भा'छ जोडा
मेरो भन्नु यति नै हो
तिम्रो सुनाउ अरु
तिम्ले चाहि खाने पाउने
कत्तिको पा'छ जोडा ।

## लेख रचना आव्हान

यस सिपाही पाक्षिक पत्रिकामा तपाइँका लेख रचनाका साथै कुनै सल्लाह सुझाव भएमा सिपाही पाक्षिक पत्रिका , श्री सैनिक जनसम्पर्क निर्देशनालय, प्रचार प्रसार शाखामा पत्राचार गर्नसक्नुहुनेछ । साथै यस ईमेल ठेगाना sipahipatrika@gmail.com मा मेल पनि गर्नसक्नुहुनेछ ।

# प्रकृति संरक्षण गतिविधि

**गत माघ १ गतेदेखि १५ गतेसम्ममा नेपाली सेनाले जिम्मा लिएका प्रकृति संरक्षण तथा सम्पदाहरुको सुरक्षाका लागि स्थान विशेषमा तैनाथ युनिटहरुले गरेका विभिन्न गतिविधिहरुको सारसंक्षेप यस प्रकार छ ।**

शुक्लाफाँटा वन्यजन्तु आरक्ष सुरक्षार्थ तैनाथ श्री चण्डीप्रसाद गणअर्न्तगत पोष्टहरुबाट गत माघ १ गतेदेखि १५ गतेसम्म गएको पट्रोल टोलीले आरक्ष ईलाकामा छाडारुपमा चरीचरण गरिरहेका २७४ वटा चौपायाहरुलाई नियन्त्रणमा लिएको छ। यस्तै आरक्ष ईलाकामा अवैधरुपमा घाँस दाउरा गरिरहेका ६९ जना व्यक्तिहरुलाई पक्राउ गर्नुको साथै हसिँया-५२, आरो-१, नाम्लो-७, बञ्चरो-९ र जाल-३ समेत बरामद गरी आरक्ष कार्यालयमा बुझाएको छ।

बर्दिया राष्ट्रिय निकुञ्ज सुरक्षार्थ तैनाथ श्री ज्वालादल गणअर्न्तगत पोष्टहरुबाट गत माघ १ गतेदेखि १५ गतेसम्म गएको पट्रोल टोलीले निकुञ्ज ईलाकाभित्र अवैधरुपमा प्रवेश गरी माछा मार्दै गरेका ३ जना व्यक्तिलाई पक्राउ गर्नुको साथै, ज्योतिपुर बफरजोन ईलाकामा अवैधरुपमा प्रवेश गरी गिट्टी र बालुवा संकलन गरिरहेको अवस्थामा भे.१.त.१८५६ र भे.१.त.९७० नं.को ट्याक्टर र चालक-२ जनासहित पक्राउ गरेको थियो । गत माघ ९ गते सु.से.मु.अम्रेनी ब्यरियर डिउटीले कैलाली जिल्लाबाट कर्णाली हुँदै आइरहेको अन्दाजी ३४ बर्षको युवराज अधिकारी नाम गरेका पैदल यात्री चेक जाँच गर्नेक्रममा निजको झोलाबाट २ वटा चित्तलको सिङ्ग, एक थान छुरी र अन्य बन्दोबस्ती सामानहरु फेलापरेकोमा निजलाई पक्राउ गरी निकुञ्ज कार्यालयमा बुझाएको छ । त्यसैगरी माघ ७ गते चितवन राष्ट्रिय निकुञ्जबाट एउटा भाले पाटेबाघ बर्दिया राष्ट्रिय निकुञ्जस्थित उत्तरी भेगको लामिदमार ईलाकामा स्थानान्तरण गरी छाडिएको छ। उक्त कार्यक्रममा बन तथा भू-संरक्षण मन्त्री दिपक बोहरा, प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रहरी प्रमुख, बर्दिया राष्ट्रिय निकुञ्ज कार्यालयका प्रमुख, ज्वालादल गणबाट अधिकृत प्रतिनिधि, प्रकृति संरक्षण कोष बर्दियाका प्रतिनिधीलगायतको उपस्थिति रहेको थियो ।

चितवन राष्ट्रिय निकुञ्ज, कसरा सुरक्षार्थ तैनाथ श्री गोरखबहादुर गणअर्न्तगत पोष्टहरुबाट गत माघ १ गतेदेखि १५ गतेसम्म गएको पट्रोल टोलले निकुञ्ज ईलाकामा अवैधरुपमा प्रवेश गरी घाँस दाउरा काट्दै गरेका ४४ जना व्यक्तिहरुलाई हसिया-१३, खुर्पा-१० र नाम्लो-१३ सहित पक्राउ गरी निकुञ्ज कार्यालयमा बुझाएकोमा निकुञ्जको नियमानुसार जरिवाना गरी सचेत गराई छाडेको छ । गत माघ २ गते बनकट्टा पोष्टबाट गएको पट्रोल टोलीले चन्द्रपुरी घाट रिउखोलाको बगरमा तस्करले लुकाई राखेको सालको गोलिया काठ थान-१८ फेला पारेको थियो । साथै गत माघ ११ गते गण हे.क्वा.बाट गएको टोलीले चितवन जिल्ला खैरहनी गा.वि.स.-१ पिपरा बस्ने बर्ष ५० को रामबहादुर तामाङ्गलाई गैंडा मारी खाग बिक्री वितरण व्यवसाय गरेको अभियोगमा आवश्यक अनुसन्धानको लागी पक्राउ गरी निकुञ्ज कार्यालयमा बुझाएको छभने माघ ९ गते बागमार पोष्टबाट गएको पट्रोल टोलीले उक्त पोष्टको उत्तर पुर्व १ की.मी. राप्ती एवम् रिउखोला दोभानको दलदलेमा भासिएर मरेको अवस्थामा भाले बुढो गैंडा फेला पारेकोमा सरकारी सामान खाग र खुर सुरक्षितसाथ निकुञ्ज कार्यालयमा बुझाइएको र मृत गैंडाको पोष्टमार्टम गरी निकुञ्ज प्रशासनको रोहवरमा खाल्डो खनी गाडिएको छ। माघ ११ गते गण हे.क्वा.बाट गएको टोलीले निकुञ्जको धोवा पोष्टबाट ७०० मिटर पश्चिमतर्फ गैंडाको अस्थिपञ्जरसहित खाग र खुर फेला परेकोमा सरकारी समान, खाग र खुर निकुञ्ज कार्यालयमा बुझाएको छ।

चितवन राष्ट्रिय निकुञ्ज नवलपरासी सुरक्षार्थ तैनाथ श्री संग्रामशार्दुल गुल्म अर्न्तगत पोष्टबाट गत माघ ८ गते गएको पट्रोल टोलीले उक्त पोष्टबाट करिव ५ की.मी.पूर्व प्रशौनी गा.वि.स-५ प्रशौनीमा कुकुरले टोकी मरशन्ना अवस्थाको करिव ३/४ महिनाको चितुवाको बच्चा फेला पारेको छ। गत माघ ९ गते तमसरी गा.वि.स.-५ चोरमारा बस्ने बर्ष ६५का ढुण्डीराज बस्याल गिरबारी खोलामा नुहाउने क्रममा गैंडाले आक्रमण गर्दा घटनास्थलमा मृत्यु भएको थियो। उक्त घटनास्थल भने निकुञ्ज क्षेत्रभन्दा बाहिर रहेको छ। मृतकको लास बन कार्यालयबाट गएका अधिकृत तथा स्थानिय प्रहरीद्वारा मुचुल्का उठाई पोष्टमार्टमको लागी नजिकैको अस्पतालमा पठाएको थियो। माघ ८ गते गुल्म हे.क्वा.अर्न्तरगत अग्यौली गा.वि.स.-४ गुन्द्रैढाका सामुदायिक वन ईलाकामा ४ देखि ५ वर्षको भाले गैंडा दाया पेटमा घाउ लागी किरा परी मृत अवस्थामा फेला परेको थियो। उक्त गैडाको सरकारी सामान खाग र खुर सुरक्षितसाथ निकुञ्जकार्यालयमा बुझाएको छ।

पर्सा बन्यजन्तु आरक्षमा तैनाथ श्री गुरुगोरख गुल्म अर्न्तरगत गत माघ ११ गते निर्मलबस्ती पोष्टबाट गएको पट्रोल टोलीले आरक्षको ओरिया खोलाबाट बञ्चरो- २ सहित साल तथा सत्तिसालको काठ थान-१३ बरामद गरी आरक्ष कार्यालयमा बुझाएको छ।

कोशीटप्पु बन्यजन्तु आरक्षमा तैनाथ श्री ईन्द्रदल गुल्म अन्तरगत पोष्टहरुबाट गत माघ १ गतेदेखि १५ गतेसम्म गएको पट्रोल टोलीले आरक्ष ईलाकामा विना ईजाजत छाडिएका ११० वटा चौपायाहरु नियन्त्रणमा लिई आरक्ष कार्यालयमा बुझाएको छ।

बाँके राष्ट्रिय निकुञ्ज सुरक्षार्थ तैनाथ श्री गोरखदल गण अर्न्तगत कौशिलानगर सुरक्षा पोष्टबाट गत माघ ९ गते गएको संयुक्त पट्रोल टोलीले खड्गवार, चप्परगढी, ३० किलो ईलाकामा पट्रोलिङ्ग गरी अवैध रुपमा कलमी गरी दाउरा काटी ल्याउदै गरेको अवस्थामा साईकल-५४ र दाउरा ७० भारी पक्राउ गरेको छ। गत माघ ११ गते महादेवपुर ईलाकाको कोर ईलाकामा छाप्राहरु बनाई बसोबास गर्दै आइरहेका ३ परिवारहरुलाई बांके राष्ट्रिय निकुञ्जले नबस्न भनी पटक पटक सुझाव दिंदै आइरहेकोमा हालसम्म पनि उक्त स्थान नछाडेको हुँदा कौशिलानगर सुरक्षा पोष्टबाट गएको संयुक्त पट्रोल टोलीले उक्त छाप्राहरु जलाइनुको साथै त्यस ईलाकामा अवैधरुपमा प्रवेश गरेका संकास्पद ४ जना व्यक्तिहरुलाई पक्राउ गरी निकुञ्ज कार्यालयमा बुझएको छ।

शिवपुरी-नार्गजुन निकुञ्ज तैनाथ श्री काली बहादुर गणबाट गत माघ १ गतेदेखि १५ गतेसम्म गएको पट्रोल टोलीले अवैध रुपमा निकुञ्ज ईलाका भित्र प्रवेश गरी घाँस दाउरा काट्दै गरेका ७ जना व्यक्तिहरुलाई पक्राउ गर्नुको साथै नाम्लो-७, खुर्पा-१ र हँसिया-४ समेत बरामद गरी निकुञ्ज कार्यालयमा बुझएको छ । यसैगरी गत माघ ६ गते सुन्दरीजल सुरक्षा पोष्टबाट गएको पट्रोल टोलीले सुन्दरीमाई मन्दिरको पूर्वतर्फ रहेको पिकनिक स्पोर्ट ईलाकामा अनधिकृतरुपमा स-साना रुख काटी गोरेटो बाटो बनाउन लागेको अवस्थामा १ जना व्यक्तिलाई पक्राउ गरी निकुञ्ज कार्यालयमा बुझाएको छ।

## पत्रकार......

हाल शिक्षातर्फ भक्तपुर, धरान, पोखरा, सुर्खेतमा आवासीय महाविद्यालय,छाउनीमा छात्राहरुको लागि माध्यमिक विद्यालय र छात्रावास तथा बाँसबारीमा निम्न माध्यमिक विद्यालय सञ्चालनमा रहेको र यस वर्षको शैक्षिक सत्रबाट सुदुरपश्चिमाञ्चलको धनगढीमा नयाँ महाविद्यालय र अर्को वर्ष उपत्यका बाहिर मध्यमाञ्चलको उपयुक्त स्थानमा नयाँ महाविद्यालय सञ्चालन गर्ने योजना रहेको र कोषले विभिन्न छात्रवृत्ति अनुदानसमेत दिंदै आएको कुरा बताउँनु भयो ।

त्यसैगरी स्वास्थ्यतर्फ बहालवाला सैनिकका आश्रित परिवार, पुर्व सैनिक एवं उनीहरुको परिवारलाई समेत कोषले निःशुल्क स्वास्थ्योपचार सेवा प्रदान गर्दै आएको र कल्याणकारी कोषको संलग्नतामा नेपाली सेना स्वास्थ्य विज्ञान संस्थान स्थापनाका लागि भवन शिलान्यास भइसकेको, जसअन्तर्गत कलेज अफ मेडिसिन, नर्सिङ्ग, डेन्टल, मेडिकल, पोलिटेक्निक र पोष्ट ग्रयाजुऐटलगायतका कोर्षहरु सञ्चालन गर्ने योजना रहेको बताउँनुभयो ।

यसैक्रममा सहायक रथी श्री थापाले एक आर्थिक वर्षमा १ व्यक्तिलाई रु १ लाखसम्मको उपचार खर्च कोषले बेहोर्ने र विगत वर्षहरुमा उपचार सेवा काठमाण्डौमा मात्र केन्द्रित रहेकोमा प्रधान सेनापतिको विशेष निर्देशनअनुसार परीक्षणस्वरुप चालु आर्थिक वर्षबाटै प्रत्येक विकास क्षेत्रमा १/१ वटा ओ.पी.डी सञ्चालन भइरहेको र विरामीहरुको मागलाई दृष्टिगत गरी महांकालस्थानस्थित उपचार सेवालाई छाउनीस्थित वीरेन्द्र अस्पताल परिसरमा स्थानान्तरण गरिएकोसमेत बताउनुभयो ।

उक्त अवसरमा सहायक रथी श्री थापाले कोषको आकार राष्ट्रियस्तरका ठूला व्यापारिक बैकहरुसँग तुलना गर्न सकिने भएतापनि आर्थिक विशेषज्ञहरुको अभावमा कोषको आयलाई अभिवृद्धिगरी व्यापक हित प्रवर्द्धन गर्न नसकिरहेको तथ्य उजागर गर्नुहुँदै प्रधानसेनापतिको निर्देशनमा बिशेषज्ञहरुको टोलीद्वारा स्याको लेभलमा डायग्नोष्टिक स्टडी सम्पन्न भइसकेकोले चरणवद्धरुपमा उपयुक्त लगानीका क्षेत्रहरु पहिचान गर्न सहज भइरहेको जानकारी दिनुभयो ।

सैनिक जनसम्पर्क निर्देशनालयका सहायक रथी एवं नेपाली सेनाका प्रवक्ता सहायक रथी श्री रमीन्द्र क्षत्रीले पत्रकारहरुलाई गर्नुभएको स्वागत पश्चात् शुरु भएको उक्त सम्मेलनमा प्राड महानिर्देशक उपरथी श्री विए कुमार शर्मा,सहायक रथी श्री रमीन्द्र क्षेत्री, सहायक रथी श्री पूर्णचन्द्र थापाले पत्रकारहरुको विविध जिज्ञासाको उत्तर दिनु भएको थियो ।

पत्रकार सम्मेलनमा रक्षा मन्त्रालयका सह-सचिव तथा प्रवक्ता श्री श्रीधरप्रसाद पोखेल, मानव अधिकार निर्देशक प्राड सहायक रथी श्री नीरेन्द्र प्रसाद अर्यालका साथै सो अवसरमा जङ्गी अड्डाका विभिन्न विभागीय रथीवृन्द तथा अधिकृतहरुको समेत उपस्थिति रहेको थियो ।

## सेना दिवसको उपलक्ष्यमा त्रिभुवन......

सम्पन्न स.र. श्री प्रेम प्रकाश था.म. र म.से श्री प्रकाश बोगटीबीच भएको खेलमा स.र. श्री प्रेम प्रकाश था.म. विजयी, र स.र. श्री राजु प्रताप के.सी र अ.प्रा सेनानी श्री मोहन अधिकारीबीच भएको खेलमा स.र. श्री राजु प्रताप के.सी विजयी हुनु भएको छ।

गत माघ २७ गते सम्पन्न सोही खेलको क्वारट फाइनलमा स.र. श्री प्रेम प्रकाश था.म र स.र.श्री राजु प्रताप के.सीबीच भएको खेलमा स.र. श्री प्रेम प्रकाश था.म. विजयी हुनु भएको छ।

# तालिम विविध

मध्य पृतना हे.क्वा. मा सञ्चालन भएको सि.सं. ४ जेष्ठ पदिक क्याडर तालिमको गत माघ ६ गते सो पृतना हे.क्वा. का चिफ अफ स्टाफ सहायक रथी श्री दिपक विक्रम पाण्डेले अन्तिम प्रवचन दिनुभयो। यसैगरी उहाँले नै पृतनामा सञ्चालन भएको सि.सं. ६ विल्लादार क्याडर फष्ट ग्रेड तालिमको माघ १० गते प्रथम प्रवचन दिनु भएको छ।

यसैगरी मध्य पृतना हे.क्वा. तथा अन्तर्गत ईण्ट सेलहरुमा कार्यरत अधिकृत, पदिक, अन्यदर्जा तथा MISG मा कार्यरत व्यक्तिहरुको स्तर अभिवृद्धि गर्ने उद्देश्य अनुरुप Geographical information system(GIS),Human Terrain Analysis तथा Information management System सम्बन्धी एक हप्ते तालिम सञ्चालन गराइएको छ।

श्री नं. ९ वाहिनी अड्डाअन्तर्गतका अधिकृत ७, पदिक ८ र विल्लादार १५ गरी ३० जना शिक्षार्थी समावेश गरिएको MISG तालिमको गत माघ ८ गते पृतनापति उ.र. श्री पवन बहादुर पाण्डेले अन्तिम प्रवचन दिनु भएको छ। यस्तै नं. ७ वाहिनी अड्डाअन्तर्गतका अधिकृत ६, पदिक ५ र अन्यदर्जा ३१ गरी ४२ जना शिक्षार्थी समावेश रहेको MISG तालिमको सो पृतनाका चिफ अफ स्टाफ सहायक रथी श्री दिपक विक्रम पाण्डेले गत माघ १० गते प्रथम प्रवचन दिनु भएको छ सो तालिमको माघ १७ गते समापन गर्नु भयो। सो तालिम निकट भविष्यमा नं. ६ वाहिनी अड्डामा समेत सञ्चालन गर्ने योजना रहेको मध्य पृतना हे.क्वा.ले जनाएको छ।

यसैगरी श्री सैनिक प्रतिष्ठानमा सञ्चालन भएको सि.सं ११ पी.टी. शिक्षक तालिम र ड्रिल शिक्षक तालिमको माघ १२ गते उक्त प्रतिष्ठानका निमित्त शिक्षाधिकृत प्रमुख सेनानी श्री नरेन्द्र बहादुर चन्दले एक कार्यक्रमकाबीच प्रथम प्रवचन दिनुभई तालिम शुभारम्भ गर्नुभएको छ। उक्त तालिममा ३५ जना शिक्षार्थीको सहभागिता रहेको छ।

श्री गौरीबक्स गुल्ममा सञ्चालन भएको सि.स. १ स्नाईपर तालिमको गत माघ १७ गते मध्य पृतना हेड क्वाटरका सह चिफ अफ स्टाफ (लजिष्टिक) महा सेनानी श्री राजु वस्न्यातले एक समारोहका विच प्रथम प्रवचन दिनुभई तालीम सुभारम्भ गर्नु भयो। उक्त तालिममा ३५ जना शिक्षार्थीको सहभागीता रहेको छ ।

श्री अनुसन्धान र विस्तार निर्देशनालय, कम्प्युटर महाशाखामा सञ्चालन भएको सि.सं ५९ कम्प्युटर आधार तालिमको गत माघ १४ गते उक्त महाशाखाका महाशाखा प्रमुख प्राविधीक महासेनानी श्री कुमार डंगोलले एक कार्यक्रमकाबीच अन्तिम प्रवचन दिनुभई तालिम समापन गर्नुभयो।

त्यसैगरी सैनिक समाचार शिक्षालय, लप्टनडाँडा, भक्तपुरमा सञ्चालन भएको सि.सं १४ पदिक तथा विल्लादार ईण्ट तथा सुरक्षा तालिमको गत माघ १३ गते उक्त शिक्षालयका शिक्षाधिकृत प्रमुख सेनानी श्री विजय थापाले एक कार्यक्रमकाबीच अन्तिम प्रवचन दिनुभई तालिम समापन गर्नु भयो। उक्त तालिममा ४५ जना शिक्षार्थीको सहभागिता रहेको थियो।

# बाहिरी अभ्यास निरीक्षण

युद्धकवच गणमा सञ्चालित फेरेटकार कमाण्डर्स तालिम र फेरेट डी एण्ड एम तालिमको बाहिरी अभ्यास गत माघ ६ गतेदेखि ११ गतेसम्म काभ्रे जिल्लाको पाँचखालमा सञ्चालन भएको थियो ।

यसैक्रममा गत माघ १० गते नं. १० वाहिनीपति सहायक रथी श्री प्रल्हाद थापाले सो बाहिरी अभ्यासको निरीक्षण गर्नु भएको थियो । सो निरीक्षणका क्रममा उहाँले तालिम टोलीद्वारा गरिएको



मोवाईल डिफेन्स, भेहिकल चेक प्वाईन्ट, फेरेटबाट गर्न सकिने कार्यलगायत लामीडाँडास्थित फायरिङ्ग रेन्जबाट फेरेटमा जडित प्वाईन्ट ३० ईन्च व्राउन्ङ्गि मेशिन गन फायरको निरीक्षण गर्नु भयो । सोही अवसरमा उहाँले अभ्यास टोलीलाई प्रोत्साहनस्वरुप उपहारसमेत प्रदान गर्नु भएको थियो । वाहिनीपतिको उक्त निरीक्षण भ्रमणका क्रममा युद्धकवच गणका गणपति प्रमुख सेनानी श्री नवजिवन महराको समेत उपस्थिति रहेको थियो

उक्त अभ्यासका क्रममा फेरेटकारलाई गण हे.क्वा. बाट अभ्यास इलाकासम्म रुट रेकी र लङ्ग रेञ्ज पट्रोलअनुसार लगि अभ्यास गराइएको युद्धकवच गणले जनाएको छ ।

सो बाहिरी अभ्यासमा सि.सं. २३ फेरेटकार कमाण्डर्स तालिमका अधिकृत १, अन्यदर्जा १४ र सि.सं. २८ फेरेट डी एण्ड एम. तालिमका शिक्षार्थी अधिकृत ४, अन्यदर्जा २९ जना गरी ४८ जना शिक्षार्थीहरु सहभागी थिए ।

# आगलागी नियन्त्रण



गत माघ १३ गते नं. ७ वाहिनीबाट अधिकृतको नेतृत्वमा गएको १२५ जनाको टोलीले स्थानीय एक घरमा लागेको आगो नियन्त्रणमा लिन सफल भएको छ ।

मकवानपुर जिल्ला, चित्लाङ्ग गा.वि.स. वडा नं. ९ बिसंखेलस्थित फच्छी गमालको घरमा आगो लागेको खबर पाएपछि घटनास्थलमा पुगेको सो अग्नि नियन्त्रण टोलीले समयमा नै आगो नियन्त्रण गरेका कारण अन्य १० घर क्षति हुनबाट जोगिएको सो वाहिनीले जनाएको छ ।

यसैक्रममममा आगलागीबाट जोगिनका लागि घरधनी फच्छी गमाल दोस्रो तलाबाट हामफालेर भाग्ने क्रममा खुट्टामा चोट लागेकोले वाहिनी अड्डाका मेडिकल टोलीले प्राथमिक उपचार गरी थप उपचारका लागि काठमाण्डौ पठाएका थिए ।

# बारूदी सुरूङ्ग (माईन फिल्ड)को सफाई प्रमाण-पत्र स्थानीय प्रशासनलाई हस्तान्तरण

**वीरदल गण :**

बागलुङ जिल्लास्थित भिमगिट्ठे सुरक्षा वेशमा लगाइएको माईन फिल्ड अर्थात बारुदी सुरुङ्ग सफाई गर्ने कार्य पूरा भएको छ । यसैबीच सोही कार्यक्रममार्फत् बागलुङ जिल्लालाई माईन फिल्ड मुक्त जिल्लाको रुपमा घोषणासमेत गरिएको छ । वृहत् शान्ति सम्झौतामा उल्लेख भएअनुसार नेपाल आर्मी माईन एक्सन कोर्डिनेशन सेन्टर अन्तर्गतको टिमले सो वेशमा लगाईएका माईन तथा आई ई.डी.हरु हटाएको हो ।

सो माईन तथा बारुदी सुरुङ्ग हटाउने कार्य पूरा भएकाले गत माघ १४ गते एक कार्यक्रमको आयोजना गरी माईन फिल्ड सफाईको प्रमाण पत्रसमेत हस्तान्तरण गरिएको छ । यसक्रममा युनाईटेड नेसन्स् माईन एक्सन टिमका प्रमुख रिचार्डले वीरदल गणका गणपति प्रमुख सेनानी श्री दीपककुमार वानियाँलाई माईन सफाईको प्रमाण पत्र हस्तान्तरण गर्नुभएको थियो । सोहीक्रममा बृटिश राजदुत जोन टुकनटले माईन क्लियर भएको प्रमाणपत्र स्थानीय प्रशासन अन्तरगत ईलाका प्रशासन कार्यालय बुर्तिबाङका प्रमुख सहायक जिल्ला अधिकारी अर्जुनबहादुर थापालाई समेत हस्तान्तरण गर्नुभएको थियो । सो कार्यक्रममा बृटिश राजदूतले सम्बोधन गर्दै नेपालमा डिमाईनिङ कार्य निकै सफलतापूर्वक र द्रुत गतिमा अगाडि बढिरहेकोमा सन्तोष व्यक्त गर्नुभयो । उहाँले युनाईटेड नेसन्स माईन एक्सन टिम तथा नेपाली सेनाले निकै सौहार्दपूर्णरुपमा डिमाईनिङ कार्य गरेको उल्लेख गर्नु भएको थियो ।

सोही अवसरमा शान्ति तथा पुर्ननिर्माण मन्त्रालयका उप-सचिव शालिकराम शर्माले विस्तृत शान्ति सम्झौताको मर्मअनुरुप बारुदी सुरुङ्ग तथा युद्धकालीन विष्फोटक अवशेष नष्ट गर्ने कार्य भैरहेको बताउनु भयो । उहाँले नेपाल सरकारले माईन फिल्ड सफाई कार्यलाई उच्च प्राथमिकता



दिई कार्यन्वयन गरिरहेको कारण आगामी ५/६ महिना भित्रै ल्याण्ड माईन मुक्त हुन सकिने अवस्थामा रहेको जानकारी दिनु भयो । सोक्रममा उपसचिव श्री शर्माले माईन फिल्ड सफाई कार्यमा नेपाली सेनाले अन्तर्राष्ट्रिय मापदण्डअनुसार प्रशंसनीय कार्य सम्पादन गर्दै आएको कुरा व्यक्त गर्नु भएको थियो ।

उक्त कार्यक्रममा भिमगिट्ठे गा.वि.स.का प्रतिनिधि, जग्गा धनी तथा स्थानीय बासिन्दाहरुलाई माईन फिल्ड क्लियर गरेको जमीनमा कुनैपनि माईनहरु छैन भनी विश्वस्त पार्नको लागि फिल्ड भिजिटसमेत गराइएको थियो । उक्त सफाई प्रमाण पत्र हस्तान्तरण कार्यक्रममा बृटिश राजदूत जोन टुकनट, ईन्जिनियर निर्देशनालयका निर्देशक महासेनानी श्री जसवन्त ज.ब.रा., युनाईटेड नेसन्स रिजनल सेन्टर फर पिस एण्ड डिस्आर्ममेन्टका स्पेसिफिक कोअर्डिनेटर रोमन हङ्गगर, डेनिस राजदूतावासका प्रतिनिधि रेन टौफ हौसेउ, एसिस्टेण्ड मिलिटरी एट्याची मेजर विजय शेरचन, युद्धकार्य महाशाखा प्रतिनिधि सेनानी श्री गौरव गुरुङ, राष्ट्रिय तथा स्थानीयस्तरका पत्रकारहरुलगायत स्थानीय प्रहरी प्रशासनका प्रतिनिधिहरु र स्थानीय भद्रभलादमीहरुको समेत उपस्थिति रहेको थियो ।

**कालीबक्स गण (इ)**

धनकुटा जिल्ला भेडेटार गा.वि.स स्थित नेपाल टेलिकम रिपिटर टावर परिसरमा रहेको माईन फिल्डलाई श्री कालीबक्स गण (इ) ई.ओ.डि. हेल्डिङ्ग युनिटको डिमाईनिङ्ग टोलीले गत मङ्सिर २७ गतेबाट शुरु गरी गत पुस २८ गते माइन हटाउने कार्य सम्पन्न गरेको छ ।

उक्त माइन हटाउने क्रममा फेला परेका विष्फोटक पदार्थहरुलाई सुरक्षित स्थानमा लगि निष्क्रिय पार्नुका साथै उक्त इलाका सरसफाईसमेत गरेको छ । यसक्रममा डिमाईनिङ्ग कार्यको गुणस्तर निर्धारण गर्ने युनाईटेड नेसन्स माईन एक्सन टिमका प्रतिनिधि श्री श्यामहरी अधिकारीले कालीबक्स गण(इ) का गणपति प्रमुख सेनानी श्री मदन बञ्जरालाई माइन सफाई प्रमाणपत्र हस्तान्तरण गर्नु भएको छ । साथै गणपति प्रमुख सेनानी श्री बञ्जराले उक्त प्रमाणपत्र भेडेटार गा.वि.स प्रतिनिधिलाई हस्तान्तरण गर्नुभएको थियो ।

# दृष्टिविहिन सुवेदार विक्रमबहादुर राना दक्षिण एशियाकै उत्कृष्ट धावक

के आँखा नदेख्नेले पनि अन्तर्राष्ट्रियस्तरको दौड प्रतियोगितामा भाग लिन सक्छ ? यो प्रश्नको उत्तर बनेका छन्, युद्धभैरव गणका सुवेदार विक्रमबहादुर राना ।

उहाँले दुबै आँखा देख्नुहुन्न तरपनि उहाँको परिचय राष्ट्रियस्तरको धावक र क्रिकेट खेलाडीको रुपमा चर्चित रहेको छ । विगत द्वन्द्वको समयमा कर्तव्य पालनाको सिलसिलामा अङ्गभङ्ग र अशक्त भएकाहरुको लागि अनुकरणीय उदाहरण बन्नु भएको छ विक्रमबहादुर राना । उहाँले हालै चीनको ग्वान्जाउमा भएको एशियन पारा गेममा नेपालकोतर्फबाट सहभागीभई नेपाली राष्ट्रिय झण्डा मात्रै फहराउनु भएन दक्षिण एसियामा १०० मीटर दौडको रेकर्डमा उत्कृष्ट समय कायम गर्न सफल हुनु भयो । सन् २०१० को डिसेम्बर १२ देखि १९ तारिखसम्म भएको सो दौडमा सुवेदार विक्रमले दक्षिण एसियाली खेलाडीहरुमध्ये सर्वोत्कृष्ट रेकर्ड राख्न भयो । एसियाका ४५ राष्ट्रका दृष्टिविहीन धावकहरुले भाग लिएको सो प्रतियोगिताका दुवै ईभेन्टमा उहाँले नवौं स्थान सुरक्षित गर्नु भएको थियो । उहाँले १०० मीटर र २०० मीटर दौडमा भाग लिनु भएको थियो । यसक्रममा उहाँ १०० मीटर दौडमा १२ सेकेण्ड ८५ पल्स र २०० मीटर दौड प्रतियोगितामा २७ सेकेण्ड ३१ पल्समा निर्धारित दुरी पार गर्न सफल हुनु भयो ।

वि.सं. २०६० साल भदौ २६ गते नुवाकोट र काठमाण्डौको सीमना रहेको गुर्जे भञ्ज्याङ्गमा एम्वुसमा परी उहाँ दृष्टिविहीन हुनु भयो । धेरैले आँखाको दृष्टि गुमेपछि संसारै गुमेको अनुभव गर्छन् । तर विक्रम यसको अपवाद बनेँ । उहाँले आँखाको दृष्टि पूर्णरुपमा गुमाएपनि धैर्यता र साहस गुमाउनु भएन, त्यसैको परिणामस्वरुप आज सुवेदार विक्रम नेपाली सेनाका सुवेदार मात्रै रहनु भएन, राष्ट्रिय धावक र क्रिकेट खेलाडी बन्न सफल हुनु भयो । आफूलाई यो स्थानसम्म ल्याउन सैनिक संस्था, युनिट, सहकर्मी साथीहरु र परिवारजनको प्रेरणाले काम गरेको बताउने विक्रम बादुर रानाले विभिन्न सफलता हासिल गरिसक्नु भएको छ । उहाँले यसक्रममा वि.सं. २०६६ साल असारमा नेपाल पारा ओलम्पिकले आयोजना गरेको २०० मीटर दौडमा प्रथम पुरस्कार, नेपाल खेलकुद् परिषद्ले सन् २००८ सेप्टेम्वरमा आयोजना गरेको सटपुट थ्रो प्रतियोगितामा प्रथम पुरस्कार, २०६३ सालमा पाकिस्तानमा आयोजित प्रथम अन्तर्राष्ट्रिय क्रिकेट प्रतियोगितामा दुईपटकसम्म म्यान अफ दि सिरिज र हाईगेष्ट स्कोरको रेकर्ड दर्ता गराइ सक्नु भएको छ । यसैगरी नेत्रहीन क्रिकेट संघले उहाँलाई वि.सं. २०६३/६४ र ६५ सालमा लगातार वी वान समूहको उत्कृष्ट वर्ष खेलाडी घोषणा गरी विशेष सम्मान समेत गरेको थियो । यसैगरी सुवेदार विक्रम रानाले १८ औं अन्तर्राष्ट्रिय अपाङ्ग दिवसको दिन आयोजित ३ की.मी. दृष्टिविहीन दौडमा प्रथम, तेस्रो नेत्रहीन क्रिकेट प्रतियोगिता २०६६ मा प्रथम, २०६६ सालको वी वान समूहतर्फको वेष्ट प्लेयर अफ द इअर आदि पुरस्कारबाट सम्मानित भइसक्नु भएको छ ।




ग्वान्जाउमा राष्ट्रिय ध्वजा फहराउँदै सुवेदार श्री राना

नेपाल खेलकुद् परिषद्ले उहाँलाई पहिलो नेत्रहीन राष्ट्रिय खेलाडी घोषणा गरेको छ । यसका अतिरिक्त उहाँ नेपाल नेत्रहीन क्रिकेट संघका उपाध्यक्ष समेत हुनुहुन्छ ।

मुद्रण : श्री सैनिक जनसम्पर्क निर्देशनालय, श्रव्यदृष्य महाशाखा, छापाखाना शाखा कलर स्क्यानिङ्ग : डिजीटेक, पुल्चोक सम्पादन सहयोगी : प्रा.सु. विनोद अधिकारी ले-आउट: प्रा.जम. शोभा विष्ट/प्रा.हु.कृष्ण सिंह बोहरा